म.जि.प्र.का दर्ता नः १०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं. ३०/०६९/०७०

वर्ष:१७ | अङ्क:- १५२ | २०८३ वैशाख १२ गते शनिबार 25 April 2026, saturday - | पृष्ठ ४ | मूल्य रू. ५/-

**सूचना, सूचना, सूचना**

वर्तमान समयमा हरेक अभिभावकहरूले आफ्ना बालबालिकाहरूमा देखिएको जिद्धिपनलाई परामर्शको माध्यमद्वारा सकारात्मक परिवर्तन गराउँदै खेलकुद, नृत्य तथा डिजिटल माध्यमद्वारा पठनपाठनमा लगनशील बनाउने उद्देश्यका साथ हेटौंडाकै एकमात्र सत्यम जेभियर्स इङ्लिस बोर्डिङ स्कुलमा प्ले ग्रुपदेखि कक्षा ९ सम्मका लागि नयाँ भर्ना फारम वितरण भइरहेको छ ।

तसर्थ, आफ्ना बालबालिकाहरूको उज्ज्वल भविष्यका लागि समयमै सम्पर्क गरी भर्ना प्रक्रिया पूरा गर्नुहुन सम्पूर्ण अभिभावकहरूमा हार्दिक अनुरोध गरिन्छ ।

**सत्यम जेभियर्स इङ्गिङ्लस बोर्डिङ स्कुल**

हेटौंडा-४, चिसापानी

०५७-५२५५६३, ९८५५०६९४५२, ९८५५०६९५६३

# थापाथलीको सुकम्बासी बस्ती हटाउँदै गर्दा हेटौँडाका सुकुम्बासी बस्तीमा पनि त्रास

समाज संवाददाता

हेटौँडा : संघीय सरकारको निर्देशनसँगै काठमाडौंको थापाथली क्षेत्रका सुकुम्बासी बस्ती खाली गर्ने क्रम चलिरहेको छ । शुक्रबार साँझसम्म सो क्षेत्र खाली गर्न प्रशासनको अल्टिमेटमपछि बिहिबारदेखि नै धमाधम सामान सार्ने काम जारी रहेको छ ।

सरकारको उक्त निर्देशनपछि हेटौँडासहित मकवानपुरका अन्य स्थानमा रहेका भूमिहीन सुकुम्बासी बस्तीका स्थानीयहरु सशंकित बनेका छन् । थापाथली क्षेत्रमा जस्तै आफ्ने क्षेत्रमा सरकारको हस्तक्षेप हुने हो कि भन्ने डरमा स्थानीयहरु रहेका छन् । सोही अवस्थाबाट गुज्रिरहेको छ हेटौँडा उपमहानगरपालिका वडाम नम्बर-११, सिमल्टार क्षेत्रको बस्ती । हेटौंडा बजार क्षेत्रबाट ३ किलोमिटर पश्चिममा अवस्थित सिमलटारका भूमिहीन सुकुमबासीहरुको पीर हातमा लालपूर्जा भएन मात्र होइन । सरकारले कति बेला उठाउने हो भन्ने पनि रहेको छ ।

बागमती प्रदेशको राजधानी हेटौँडा उपमहानगरपालिका वडा नम्बर-११, सिमलटार सबैभन्दा धेरै घरधुरी भएको ठुलो टोल विकास संस्था हो । जहाँ २ हजार ३ सय भन्दा बढी घरधुरी छन् । यहाँका बासिन्दासँग आफूले चर्चेको जग्गाको लालपुर्जा छैन । वर्षौंदेखि उनीहरु उक्त समस्या भोग्दै आएका छन् । सिमलटारमा पक्की सडक, खानेपानी, बिजुली र ढल निकासको व्यवस्था पुगेको छ, तर लालपुर्जा नहुँदा यहाँका स्थानीयले घरजग्गा धितो राखेर ऋण लिन पाएका छैनन् । सिमलटारका बासिन्दा तीन दशकदेखि लालपुर्जाको पर्खाइमा छन् ।

हेटौँडा-११, सिमलटारकी सुमित्रा विश्वकर्माले सुकुम्बासी बस्ती हटाउने सरकारको पछिल्लो निर्देशनले चिन्ता र डर पैदा भएको बताइन् । २०५० सालदेखि नै उक्त स्थानमा बसोबास गर्दै आएकी उनले जग्गाको नापी सम्पन्न भई निस्सा समेत पाइसकेको अवस्थामा अहिले आएर उठीबास लाग्ने डर पैदा भएको बताइन् । लालपुर्जा पाउने आशामा रहेका सुकुम्बासीहरुलाई विकल्प र जानकारी बिना हटाउन खोज्नु अन्यायपूर्ण हुने उनको तर्क छ । वर्तमान सरकारले दलित, भूमिहीन र विपन्न वर्गको मर्का बुझेर समस्याको समाधान गर्ने आशा थियो । तर, विकल्प बिना नै हटाउने कदमले थप चिन्तित बनाएको उनको भनाई छ । उनले सरकारसँग कि त हाल बसिरहेकै ठाउँको लालपुर्जा दिनुपर्ने, कि त अन्यत्र कुनै व्यवस्थित ठाउँमा स्थानान्तरण गरी बसोबासको ग्यारेन्टी गर्नुपर्ने माग गरिन् ।

'यो बस्तीमा बिजुली र खानेपानी जस्ता आधारभूत सुविधा पाउनका लागि आफूहरुले ठूलो आन्दोलन र संघर्ष गर्नुपरेको थियो । लामो समयको प्रयासपछि बल्लतल्ल सुविधाहरु जुटेको ठाउँबाट अहिले हट्नुपर्ने होकी भन्ने डरमा सुकुम्बासी समुदायमा त्रास छाएको छ ।' उनले भनिन्, 'कतै ओत लाग्ने ठाउँ नभएका वास्तविक



हेटौँडा-११ को सुकुम्बासी बस्ती ।

सुकुम्बासीहरुलाई झिटीझाम्टा बोकेर सडकमा आउनुपर्ने अवस्था सिर्जना सरकारले गर्नु हुँदैन । सरकारले अभिभावकीय भूमिका निर्वाह गरेर दलित र असहायहरुको बस्ती व्यवस्थापनको काम अगाडि बढाउनुपर्छ ।'

हेटौँडा-११, सिमलटारका सुकुम्बासी पञ्चलाल तामाङले विकल्प बिना बस्ती हटाउने सरकारको तयारी उपयुक्त नरहेको टिप्पणी गरे । सुकुम्बासी बस्ती हटाउने प्रधानमन्त्री बालेन शाहको निर्देशन उचित नभएको उनले बताए । उनले सुकुम्बासीहरुलाई पनि मानव र प्राणीको रुपमा हेर्न सरकारलाई आग्रह गरे । सरकारले सुकुम्बासीहरुको उचित व्यवस्थापन नगरी उठीबास लगाउन खोज्नु अमानवीय हुने उनको भनाई छ । सरकारले अभिभावकीय भूमिका निर्वाह गर्न र आफूहरुको संवैधानिक अधिकारको रक्षा गर्न उनले माग गरे ।

२०५२ सालदेखि उक्त क्षेत्रमा बसोबास गर्दै आएका उनले सुकुम्बासीहरु पनि नेपालकै नागरिक भएकोले उनीहरुको बाँच्न पाउने अधिकार र भूमिको हक खोस्न नहुने बताए । तामाङका अनुसार कसैको निजी जग्गा मिचेर बस्ती बसाएका छैनन् । खोलाको बगरमा बाँध बाँधेर र नदी नियन्त्रण गरे बस्न योग्य बनाएको उनले बताए । सिमलटार क्षेत्रमा भूमिहीन सुकुम्मबासी समस्या समाधान आयोग मार्फत् जग्गाको नापजाँच भइसके पनि अझैसम्म लालपुर्जा नपाएकोमा उनले दुःख व्यक्त गरे । २०५२ सालदेखि पटक-पटक भूमि आयोगहरु बन्ने र खारेज हुने प्रक्रियाले वास्तविक सुकुम्बासीहरु सधैं अन्यायमा परेको उनको भनाई छ ।

'हामीले निकै दुःख, कष्ट गरेर बस्ने ठाउँ बनाएका हौं । अहिले आएर हाम्रो जीवनलाई नाश गर्ने काम सरकारले गर्नु हुँदैन ।' उनले भने, 'हुकुम्बासी र सुकुम्बासीबीच ठुलो फरक छ । हामीसँग आफ्नो नाममा कुनै सम्पत्ति र जग्गा छैन । हामीलाई टाउको लुकाउने बास, गाँस र कपासको ग्यारेन्टी सरकारले गर्नुपर्छ । वास्तविक सुकुम्बासीको पहिचान गरी हामीले उपभोग गरिरहेको जग्गाको लालपुर्जा प्राप्त गर्नु हाम्रो हक अधिकार हो ।' राष्ट्रिय भूमि अधिकार मञ्च नेपालका हेटौँडा नगर अध्यक्ष गोविन्द प्रसाद न्यौपानेले भूमिहीन, दलित र सुकुम्बासीहरुको उचित व्यवस्थापन नगरी बस्ती हटाउन खोज्नु सरकारको अपरिपक्क निर्णय भएको बताए । अध्यक्ष न्यौपानेले विकल्प बिना सुकुम्बासी बस्ती हटाउने सरकारी निर्देशनले विपन्न सुकुम्बासी समुदायमा ठुलो तरंग र त्रास पैदा गरेको बताए ।

उनले वर्षौंदेखि बसोबास गरिरहेका क्षेत्रहरुमा सरकारले नै बाटोघाटो, बिजुली, खानेपानी र विद्यालय जस्ता पूर्वाधारहरु निर्माण गरिसकेको बताए । अहिलेको सरकार दुई तिहाइ बहुमतको र शिक्षित नेतृत्वको भए पनि सुकुम्बासीका हकमा भने समवेदनाहीन देखिएको उनको भनाई छ । निर्वाचनको समयमा जनताको भोट लिने र अहिले तिनै नागरिकलाई दुःख दिने कार्य भएको उनले बताए । सरकारले सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुलाई उठीबास लगाउनुको साटो लालपुर्जाको व्यवस्था गरी स्थायी समाधान खोज्न उनले आग्रह गरे ।

'सरकारले सुकुम्बासी बस्तीका लागि भौतिक पूर्वाधार विकाससहित हाल जग्गाको नापी सम्पन्न भई निस्सा समेत वितरण गरिसकिएको र लालपुर्जा पाउने अन्तिम चरणमा पुगेको बेला बस्ती हटाउने निर्देशन न्यायोचित छैन ।' अध्यक्ष न्यौपानेले भने, 'जुन क्षेत्रबाट भोट जितेर नेताहरु सत्तामा पुग्नुभएको छ । त्यहीँका जनतालाई दुःख दिनु हुँदैन । यदि जनताले दुःख पाए भने त्यसको जवाफदेही नेताहरु नै हुनुपर्छ ।'

हेटौँडा-११, सिमलटार टोल विकास संस्थाका अध्यक्ष देवकृष्ण थोकरका अनुसार २०५२ साल पुस ६ गतेदेखि बसोबास सुरु भएको सिमलटार बस्तीमा ठेलागाडा चलाउने, रिक्सा तान्ने र गिट्टी कुट्ने जस्ता विपन्न मजदुरहरुको बसोबास छ । उनले सिमलटारका सुकुम्बासीहरुले छिट्टै लालपुर्जा पाउनेमा आफू पूर्ण विश्वस्त रहेको बताए । २०७०-७१ सालदेखि हालसम्म सिमल्टार क्षेत्रमा ३/४ पटक नापी नक्साको काम भइसकेको र अहिले प्राप्त निवेदनहरुको छानबिन वडा कार्यालय र टोल विकास संस्थाले गरिरहेको उनले बताए ।

'सिमल्टार क्षेत्रका सुकुम्बासीहरुलाई लालपुर्जा दिने विषयमा अहिले छानबिनको प्रक्रिया अन्तिम चरणमा छ । अब छिट्टै विवरणहरु उपमहानगरपालिका पठाउने र त्यहाँबाट भूमि आयोगमा पठाएर पुर्जा तयार गर्ने काम हुनेछ । यो सरकारले सुकुम्बासीका समस्यालाई उचित निकास दिनेछ र अव्यवस्थितलाई व्यवस्थित बनाउनेमा हामी विश्वस्त छौं ।' उनले भने ।

## सुकुम्बासी समस्या समाधान गर्न संघीय सरकारसँग छलफल गर्छौं : मेयर लामा

हेटौँडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामाले विकल्प र व्यवस्थापन बिना सुकुम्बासी बस्ती हटाउन नसकिने बताइन् । काठमाडौँको थापाथली क्षेत्रमा सुकुम्बासी बस्ती हटाउन सुरु भएपछि हेटौँडाको विषयमा ठोस निर्देशन नआएको उनले बताइन् ।

मेयर लामाले सुकुम्बासी समस्याका विषयमा प्रमुख जिल्ला अधिकारी (सीडीओ) सँग पनि छलफल भएको र हालसम्म संघीय सरकारबाट बस्ती हटाउने सम्बन्धमा कुनै ठोस निर्देशन नआएको बताइन् । मेयर लामाले सुकुम्बासी समस्याका विषय थप छलफल गर्न र सुकुम्बासीहरुको उचित व्यवस्थापनका लागि संघीय सरकारका मन्त्रीहरुलाई भेटेर योजना रहेको बताइन् । सरकारले अभिभावकीय भूमिका निर्वाह गर्दै नागरिकको सुरक्षित बसोबासको अधिकार सुनिश्चित गर्नुपर्ने उनको भनाई छ ।

सुकुम्बासी बस्ती खाली गर्ने कामका क्रममा विशेषगरी बालबालिकाको शिक्षा र सामाजिक सुरक्षाको विषयमा जिम्मेवार ढंगले सरकार अघि बढ्नु पर्ने उनले बताइन् । सुकुम्बासी बस्तीका बालबालिकाहरु स्थानीय विद्यालयहरुमा अध्ययन गरिरहेको र उनीहरुको भविष्यलाई ख्याल नगरी आक्रामक रुपमा अघि बढ्न नहुने उनको भनाई छ । 'हेटौँडामा सुकुम्बासीको समस्या सानो छैन । यहाँ हजारौँको संख्यामा मानिसहरु बसोबास गरिरहेका छन् । कुनै तयारी र विकल्प बिना एक्कासी हटाउँदा ठूलो मानवीय संकट निम्तिन सक्छ ।' नगरप्रमुख लामाले भनिन्, 'सुकुम्बासी समस्या व्यवस्थापन र स्थानान्तरणका लागि हामीलाई पर्याप्त समय चाहिन्छ । उचित बसोबासको ग्यारेन्टी नगरी मानिसहरुलाई सडकमा ल्याउन सकिँदैन ।'

उपमहानगरपालिकाले बस्ती व्यवस्थापन र लालपुर्जा वितरणको काम गरिरहेको उनले बताइन् । भूमिहीन सुकुम्बासीहरुका लागि वडा नम्बर ७ को काम तयारी अवस्थामा रहेको र वडा नम्बर ११ मा पनि भूमिहीन दलित र सुकुम्बासीहरुको पहिलो चरणको काम सकिएको नगर प्रमुख लामाले बताइन् । हालसम्म कुनै पनि सुकुम्बासीलाई लालपुर्जा वितरण नगरिएको र सबै काम प्रक्रियामै रहेको उनले स्पष्ट पारिन् । बारम्बार भूमि आयोग विघटन हुनाले काममा बाधा पुगेको र प्रक्रिया अलमलिएको उनको गुनासो छ ।

# हरिबहादुरको डुबेर मृत्यु

समाज संवाददाता

हेटौँडा : मकवानपुरको राक्सिराङ गाउँपालिका-८, पाङथलीका ६५ वर्षीय हरिबहादुर ब्लोनको खोल्सामा नुहाउने क्रममा डुबेर मृत्यु भएको छ ।

बिहिबार दिउँसो घरदेखि १ किलोमिटर दक्षिणतर्फको खोल्सामा नुहाउने क्रममा हरिबहादुरको डुबेर मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ । प्रहरीले घटनाको अनुसन्धान गरिरहेको जनाएको छ ।

# पूर्वगृहमन्त्री गुरुङको पक्षमा हेटौँडामा प्रदर्शन

समाज संवाददाता

हेटौँडा: पूर्वगृहमन्त्री एवम् राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद सुधन गुरुङको पक्षमा हेटौँडामा प्रदर्शन गरिएको छ । शुक्रबार काउन्सिल अफ जेन जेड मकवानपुरले मन्त्री गुरुङलाई राजीनामा दिन बाध्य बनाइएको भन्दै प्रदर्शन गरेको हो ।

उनीहरुले 'प्रमाण चाहिन्छ नाटक होइन न्याय चाहियो हल्ला होइन, आरोपको राजनीति बन्द गर, कामको मूल्यांकन गर' लगायतको नाराबाजी गर्दै हेटौँडाको बुद्धचोकमा प्रदर्शन गरेका थिए । सरकारले गृहमन्त्रीको राजीनामा फिर्ता लिनुपर्ने उनीहरुको माग छ ।

आफ्नो सम्पति स्रोतबारे प्रश्न उठेपछि आफूसँग सम्बन्धित विषयको निष्पक्ष छानविन होस् भन्दै गृहमन्त्री गुरुङले बुधबार पदबाट राजीनामा दिनुभएको थियो । उहाँ गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा गोरखा निर्वाचन क्षेत्र नम्बर १ बाट निर्वाचित हुनुभएको थियो ।

# पूर्वमन्त्री विक्रम पाण्डे पक्राउ

समाज संवाददाता

काठमाडौं : राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का उपाध्यक्ष एवं पूर्वमन्त्री विक्रम पाण्डेलाई प्रहरीले पक्राउ गरेको छ । सरकारी बोलपत्रको वेबसाइटमा पहुँच राखेर ठेक्का आफ्नो कम्पनीलाई पारेको कसुरमा उनलाई पक्राउ गरिएको हो । पाण्डेलाई काठमाडौंबाट पक्राउ गरिएको सीआईबीका एआईजी डा. मनोज केसीले पुष्टि गरे ।

पाण्डे कालिका कन्स्ट्रक्सनका सञ्चालक हुन् । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का नेता पाण्डे बिरुद्ध सिक्टा सिञ्चाई आयोजनामा भ्रष्टाचार गरेको कसुरमा अख्तियारले २०७५ मा मुद्दा दायर गरेको थियो । २०७९ मा उनी सहरी विकास मन्त्री भएका थिए । पाण्डेले विभिन्न ठेक्काहरूको आर्थिक प्रस्ताव खोल्नु भन्दा अगाडि नै प्रणालीभित्र छिरेर 'इकोनोमिक प्रपोजल'का डकुमेन्टहरूमा हेरफेर गर्ने गरेको अनुसन्धानबाट खुलेको सीआईबीको भनाइ छ ।

आफ्नो वा आफूले चाहेको कम्पनीलाई ठेक्का पार्ने नियतले सरकारी डाटावेसमा अनधिकृत पहुँच बनाएर विवरण सच्याउनुलाई प्रहरीले गम्भीर अपराधको रूपमा लिएको छ । ब्यूरोका अनुसार यो प्रकरणमा पक्राउ पर्नेको संख्या ९ जना पुगेको छ । सीआईबीका प्रवक्ता एवं प्रहरी वरिष्ठ उपरीक्षक शिव कुमार श्रेष्ठले काठमाडौं जिल्ला अदालतबाट पक्राउ अनुमति लिई पाण्डेलाई चण्डोलबाट नियन्त्रणमा लिइएको हो । यस घटनामा अन्य प्राविधिक र बिचौलियाहरूको संलग्नताबारे पनि थप अनुसन्धान भइरहेको ब्यूरोले जनाएको छ ।

## बागमतीका कर्मचारीलाई कडाइ

# विद्युतीय हाजिरी अनिवार्य, रिपोर्ट मुख्यमन्त्री कार्यालय पठाउनुपर्ने

समाज संवाददाता

हेटौँडा : बागमती प्रदेश सरकारले कर्मचारीहरुको कार्यसम्पादनलाई प्रभावकारी र गुनासोरहित बनाउन विद्युतीय हाजिरी अनिवार्य गरेको छ । आफ्ना मातहतका कर्मचारीहरुको अनुशासन र समयपालनालाई प्रभावकारी बनाउन मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय हेटौँडाले विद्युतीय हाजिरी अनिवार्यसँगै रिपोर्ट पेश गर्न निर्देशन गरेको हो ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय हेटौँडाले शुक्रबार एक परिपत्र जारी गर्दै प्रदेशका सबै मन्त्रालय, आयोग, सचिवालय र कार्यालयहरुलाई कर्मचारीको हाजिरी विवरण अनिवार्य रुपमा विद्युतीय प्रणालीमा अद्यावधिक गर्न निर्देशन दिएको हो । परिपत्रमा कर्मचारीहरु कार्यालयमा आएको, गएको, काज तथा बिदा लगायतका सबै विवरण विद्युतीय हाजिरी प्रणालीबाटै देखिने व्यवस्था मिलाउन भनिएको छ ।

साथै, परिपत्र मार्फत् प्रत्येक महिनाको हाजिरी विवरण प्रिन्ट गरी प्रमाणित अभिलेख महिना समाप्त भएको तीन कार्यदिनभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउन समेत निर्देशन दिइएको छ । मुख्यमन्त्री कार्यालयका अनुसार कर्मचारीहरु समयमा कार्यालयमा नपुग्ने, कार्यालय समय नसकिँदै घर जाने र खाजा खाने निश्चित समयभन्दा बढी घण्टौंसम्म बाहिर बस्ने गरेको गुनासो आएपछि उक्त निर्देशन दिएको जनाइएको छ ।

सरकारी सेवा प्रवाहमा ढिलासुस्ती हुनुको एउटा मुख्य कारण कर्मचारीको अनुपस्थिति र समयपालना नगर्नु रहेकाले सरकारले निगरानी बढाएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका अधिकृत ऋषिराम भुषालले बताए । विद्युतीय हाजिरी प्रणाली र त्यसको मासिक रिपोर्ट मुख्यमन्त्री कार्यालयमा बुझाउनुपर्ने व्यवस्थाले कर्मचारीको कार्यशैलीमा सुधार आउने र सेवाग्राहीले समयमै सेवा पाउने अपेक्षा सरकारको रहेको उनले बताए ।

# नेपालमा हरेक दिन २० जनाको आत्महत्या

समाज संवाददाता

हेटौँडा: आत्महत्याको संवेदनशील रिपोर्टिङबारे अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । शुक्रबार बिहान जनस्वास्थ्य कार्यालय मकवानपुरको आयोजनामा पत्रकार महासंघ मकवानपुरको सभाहलमा कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा कार्यालयका जनस्वास्थ्य प्रशासक किरण श्रेष्ठले आत्महत्याको कारण, कानुनी व्यवस्था, रोकथामका उपाय र यसबारे रिपोर्टिङ गर्दा ध्यान दिनुपर्ने कुराहरुबारे अभिमुखीकरण गर्नुभयो । आत्महत्या व्यक्तिको कमजोरीका कारण हुने गरेको उहाँले बताउनुभयो । अनुवांशिक, मनोवैज्ञानिक, सामाजिक, पारिवारिक वातावरण तथा अन्य जोखिमका कारणले आत्महत्या हुने गरेको उहाँले बताउनुभयो ।

सञ्चारकर्मीले यससँग सम्बन्धी रिपोर्टिङ गर्दा आत्महत्या रोकथामको बारेमा गलत धारणा

सहयोग पाउन सकिने ठाउँबारे सही सूचना दिने कुरामा ध्यान दिन उहाँले आग्रह गर्नुभयो । साथै, प्रख्यात व्यक्तिहरुको आत्महत्याबारे समाचार सम्प्रेषण गर्दा सवाधानी अपनाउनुपर्नेमा जोड दिनुभयो । आत्महत्या गर्नेहरुमा एक्लै बस्न चाहने, चिन्तित देखिने, भविष्यप्रति निराशापनजस्ता लक्षणहरु देखिने गर्दछ । कम वा धेरै सुत्ने पनि आत्महत्याको लक्षण भएको उहाँले बताउनुभयो ।

विश्व स्वास्थ्य संगठनका अनुसार विश्वमा प्रत्येक वर्ष करिब ७ लाख मानिसहरूको मृत्यु आत्महत्याबाट हुने गरेको छ । नेपालमा हरेक दिन आत्महत्याका कारण २० जनाभन्दा बढी मानिसको मृत्यु हुने गरेको छ । ९० प्रतिशतभन्दा बढी आत्महत्या मानसिक स्वास्थ्यका कारण हुने गरेको एक अनुसन्धानले देखाएको छ ।

मकवानपुर जिल्लाको सन्दर्भमा हेर्दा पछिल्लो तीन वर्षमा ३ सय ४९ जनाले आत्महत्या गरेका छन्, जसमध्ये २२२ जना पुरुष

कार्यालयको तथ्याङ्कले देखाएको छ । जिल्लामा आर्थिक वर्ष २०८०/८१ मा १४० जना, २०८१/८२ मा १३० जना र चालु आर्थिक वर्ष २०८२/८३ मा हालसम्म ७९ जनाले आत्महत्या गरेका छन् ।

नेपाल सरकारले पटक-पटक विभिन्न कानुनी तथा संस्थागत व्यवस्था गरी आत्महत्या न्यूनीकरणको प्रयास गरेको छ । सरकारले दिगो विकासको लक्ष्य अन्तर्गत आत्महत्याबाट हुने मृत्युदर हरेक १ लाख जनसंख्यामा १६ दशमलव ५ बाट क्रमशः घटाएर सन् २०३० सम्ममा ४ दशमलब ७ प्रतिशतमा झार्ने लक्ष्य लिएको छ । मुलुकी अपराध संहिता २०७४ मा आत्महत्या गर्न दुरुत्साहन दिन नहुने (दफा १८५) भनी आत्महत्या नियन्त्रणलाई कानुनी व्यवस्था गरिएको छ । त्यसैगरी राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रले आत्महत्या रोकथामसम्बन्धी सञ्चार कर्मीहरुका लागि मार्गदर्शन २०८०



# बाल कक्षा : मासूमियतको मूल्यसूची



निश्चल अधिकारी

अहिले नेपालका शहर मात्र होइन, साना बजार र गाउँसम्म पुग्दा एउटै दृश्य दोहोरिएको देखिन्छ - रंगीन बोर्ड, ठूला अक्षरमा लेखिएका नाम, र भित्र साना नानीहरू। दुई - तीन वर्षको उमेरमै झोलो बोकेर विद्यालय जान थालेका बालबालिकाको संख्या बढ्दो छ। बाहिरबाट हेर्दा यो शिक्षाप्रतिको चेतना जस्तो देखिए पनि भित्रबाट हेर्दा प्रश्न उठ्छ - के यो साँच्चिकै बालशिक्षा हो कि अभिभावकको आम्दानीमाथि आधारित नयाँ कारोबार ? बाल्यकाल आफैंमा सिकाइको समय हो तर त्यो सिकाइ सधैं कक्षाको चार पर्खालभित्र मात्र सीमित हुनुपर्छ भन्ने होइन। बच्चाले पहिलो शब्द घरमै सिक्छ पहिलो व्यवहार परिवारबाट सिक्छ। तर अहिलेको प्रवृत्तिले विद्यालयलाई यस्तो रूपमा प्रस्तुत गर्न थालेको छ कि मानौं त्यहाँ नपठाए नानी पछि पर्छ। यही डरले धेरै अभिभावक निर्णय गर्न बाध्य भइरहेका छन्।

समस्या त्यतिमै सीमित छैन। शुल्कको कुरा आउँदा झन् गम्भीर अवस्था देखिन्छ। भर्ना शुल्क मासिक शुल्क पोशाक किताब - सबै जोड्दा अभिभावकको काँधमा ठूलो आर्थिक बोझ पर्छ। नानीले के सिक्यो भन्नेभन्दा पहिले कति खर्च भयो भन्ने हिसाब चल्न थाल्छ। अझ रोचक र दु:खद पक्ष के छ भने किताबको भारी। दुई - तीन वर्षको बालक जसको तौल मुश्किलले २० किलो हुन्छ उसले बोक्ने झोला भने कहिलेकाहीं ३० - ३५ किलो जस्तो भारी महसुस हुन्छ। सानो काँधमा झुण्डिएको त्यो झोला हेर्दा लाग्छ - नानी विद्यालय जाँदैछ कि बोझ बोक्दैछ। सिकाइ सुरु हुनु अघि नै उसले भार बोक्न सिक्नुपर्ने अवस्था बनेको छ।

यहींबाट अर्को बहस सुरु हुन्छ - के सानो उमेरमै औपचारिक विद्यालय आवश्यक छ। धेरै अभिभावक र शिक्षाविद्हरू भन्छन् छ वर्षअघिसम्मको आधारभूत सिकाइ घरमै दिन सकिन्छ। भाषा व्यवहार अनुशासन खेल संस्कार - यी सबै कुरा परिवारबाट सिक्ने वातावरण सबैभन्दा स्वाभाविक हुन्छ। नानीलाई खेल्न स्वतन्त्र रूपमा घुलमिल हुन र आफ्नो गति अनुसार बढ्न दिने समय नै वास्तविक बाल्यकाल हो। यदि छ वर्षको उमेरपछि सिधै कक्षा एकदेखि औपचारिक शिक्षामा प्रवेश गराइयो भने पनि सिकाइमा कुनै कमी आउँदैन भन्ने तर्क पनि कमजोर छैन। बरु सानो उमेरमै अनावश्यक दबाबबाट जोगाउन सकिन्छ। बालबालिकालाई समयभन्दा अघि विद्यालयी प्रणालीमा धकेल्दा उनीहरूको स्वाभाविक विकास प्रभावित हुन सक्छ भन्ने चिन्ता पनि उत्तिकै गम्भीर छ।

विद्यालयहरूबीचको प्रतिस्पर्धा पनि अब गुणस्तरमा कम देखावटमा बढी देखिन्छ। कसको भवन ठूलो कसको पोशाक आकर्षक कसको किताब बढी - यिनै कुराले राम्रोको मापदण्ड तय गरिरहेका छन्। तर नानी कति खुसी छ कति सहज छ कति स्वतन्त्र छ - यी कुरा पछि पर्छन्। यसो भन्दैमा सबैलाई एउटै रूपमा हेर्न मिल्दैन। केही विद्यालयहरु यस्ता पनि छन् जहाँ बालबालिकालाई माया धैर्यता र बुझाइका साथ सिकाइँदैछ। खेल्दै रमाउँदै सिक्ने वातावरण बनाइएको छ। यस्ता प्रयासहरुले देखाउँछन् - बालशिक्षा व्यापार होइन सेवामूलक पनि हुन सक्छ।

तर समग्र चित्र हेर्दा प्रश्न अझै उभिएको छ - हामी नानीलाई सिकाउन खोजिरहेका छौं कि सानो उमेरमै उसलाई प्रतिस्पर्धाको दौडमा हालिरहेका छौं। खेल्ने उमेरमा नियम स्वतन्त्रताको ठाउँमा तालिका र रमाइलोको ठाउँमा बोझ - यही हाम्रो वर्तमान बन्दै गएको छ।

अन्तत: बाल कक्षा आवश्यक छन् तर त्यसको उद्देश्य स्पष्ट हुनुपर्छ। यदि शिक्षा नानीको विकासका लागि हो भने त्यसमा सरलता माया र स्वाभाविकता हुनुपर्छ। तर यदि यही व्यवस्था देखावट र आम्दानीको माध्यम बन्दै गयो भने भोलिको पुस्ताले अक्षर त सिक्ला तर बाल्यकाल गुमाउनेछ।

आजको प्रश्न सिधा छ - हामी भविष्य बनाउँदैछौं कि सानो काँधमा आवश्यकभन्दा बढी बोझ थप्दैछौं ?

*बिए पत्रकारिता*

## गाउँखाने कथा

१. रसिलो पानी खान्छ, चम्किलो आँगनमा नाँच्छ ।
- कलम

२. घुमाउने थालको पेटभरी घाउ ।
- टपरी

३. खान्छ मट्याङ्ग्रा छर्छ धुलो, घुम्दछ फनफन चक्का ठूला ।
- घट्ट

४. एउटा सानो बाकसमा चीज हुन्छ ठूलो, त्यो चीजको मौका पाए गाउँ नै पार्छ धुलो ।
- सलाई

५. एउटा देश छ कतै तीन अक्षरको नाम, पहिलो अक्षर झिके हुन्छ खाने चीजको नाम ।
- पान

## बुधबारे बालसाहित्य

**यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।**

**सम्पादक**

# नेपालमा बढ्दो यौन उत्पीडनको वास्तविकता र समाधान



सरोज प्रसाद साह

नेपालमा यौन उत्पीडन आजको समयको एक गम्भीर सामाजिक समस्या बन्दै गएको छ, जसले विशेषगरी महिला र किशोरीहरूलाई दैनिक जीवनमै असुरक्षित बनाइरहेको छ। सार्वजनिक बस, सडक, विद्यालय, कार्यस्थल तथा भीडभाड हुने स्थानहरूमा महिलामाथि अनावश्यक स्पर्श, पछाडिबाट छुनु, स्तन स्पर्श गर्नु, अश्लील व्यवहार देखाउनुजस्ता घटनाहरू सामान्यजस्तै बन्न थालेका छन्। विभिन्न अध्ययनहरूले देखाएका छन् कि काठमाडौं उपत्यकामा मात्रै करिब ८० प्रतिशतभन्दा बढी महिलाहरूले जीवनको कुनै न कुनै समयमा यौन उत्पीडन भोगेका छन्। त्यस्तै, नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षणअनुसार १५ देखि ४९ वर्ष उमेर समूहका कम्तीमा ७ प्रतिशत महिलाहरूले यौन हिंसा अनुभव गरेका छन्, यद्यपि सामाजिक लाज, डर र उजुरी प्रक्रियाप्रति अविश्वासका कारण वास्तविक संख्या यसभन्दा धेरै बढी हुने अनुमान गरिएको छ। अझ चिन्ताजनक कुरा के छ भने सार्वजनिक सवारी साधनमा अध्ययनरत करिब ९० प्रतिशत युवतीहरूले कुनै न कुनै प्रकारको दुर्व्यवहार भोगे झन् अदृश्य बनेको छ।

नेपालमा यौन उत्पीडनको जड गहिरो सामाजिक संरचनासँग जोडिएको छ। पितृसत्तात्मक सोच, अपर्याप्त यौन शिक्षा, 'साना मजाक' भनेर उत्पीडनलाई सामान्यीकरण गर्ने प्रवृत्ति, कमजोर कानुनी कार्यान्वयन, तथा पीडितलाई दोष दिने संस्कृतिले यस समस्यालाई थप जटिल बनाएको छ। कानुनहरू भए पनि तिनको प्रभावकारी कार्यान्वयनको अभाव, ढिलो न्याय प्रक्रिया, र पीडितमैत्री संरचनाको कमीले अपराधीहरूलाई झन् प्रोत्साहित गरिरहेको छ।

यस समस्याको समाधानका लागि बहुआयामिक दृष्टिकोण आवश्यक छ। सरकारी स्तरमा कडा कानुनी कार्यान्वयन, सार्वजनिक स्थानहरूमा निगरानी प्रणाली (जस्तै सीसीटीभी), उच्च जोखिम क्षेत्रहरूमा प्रहरी परिचालन, तथा यौन अपराधका मुद्दाहरूको छिटो सुनुवाइ सुनिश्चित गर्नुपर्छ। विद्यालयस्तरदेखि नै सहमति (consent), सम्मान, र लैङ्गिक समानताबारे शिक्षा दिनु अत्यावश्यक छ। साथै, जनचेतना कार्यक्रमहरूलाई प्रभावकारी बनाउँदै व्यवहार परिवर्तनमा केन्द्रित गरिनुपर्छ।

समाज र सर्वसाधारणको भूमिकासमेत अत्यन्त महत्वपूर्ण छ। कुनै पनि दुर्व्यवहार देख्दा चुप लागेर बस्ने संस्कृतिको अन्त्य गर्दै, प्रत्यक्ष हस्तक्षेप गर्ने र पीडितलाई साथ दिने वातावरण बनाउनुपर्छ। सञ्चार माध्यम र नागरिक समाजले यस विषयलाई गम्भीरताका साथ उठाउँदै सामाजिक सोच परिवर्तनमा योगदान दिनुपर्छ। विशेषगरी पुरुषहरूले आफ्नै व्यवहार र वरपरको वातावरण सुधार्न अग्रसर हुन आवश्यक छ।



पनि अधिकांशले उजुरी नै गर्दैनन्।

यस प्रकारको व्यवहार केवल शारीरिक आक्रमण मात्र होइन, यो गहिरो मनोवैज्ञानिक र सामाजिक प्रभाव पार्ने प्रक्रिया हो जसले महिलाको आत्मविश्वास घटाउँछ, मानसिक तनाव बढाउँछ र उनीहरूको स्वतन्त्रता सीमित बनाउँछ। धेरै महिलाहरूले आफ्नो सुरक्षाको लागि लुगा, यात्रा समय, र व्यवहार परिवर्तन गर्न बाध्य हुनु पर्ने अवस्था सिर्जना भएको छ, जुन वास्तवमा उनीहरूको अधिकारमाथिको अप्रत्यक्ष नियन्त्रण हो। तर यस सन्दर्भमा एउटा महत्वपूर्ण पक्ष के पनि हो भने यौन दुर्व्यवहार सधैं एकतर्फी मात्र हुँदैन। यद्यपि कम मात्रामा सार्वजनिक रूपमा आउने भए पनि केही अवस्थामा पुरुषहरू पनि महिलाबाट वा अन्य पुरुषबाट यौन तथा शारीरिक उत्पीडनमा पर्ने गरेका छन्। तर सामाजिक मान्यताका कारण पुरुष पीडितहरूले आफ्नो पीडा व्यक्त गर्न सक्दैनन्, जसले यो पक्ष

महिलाहरूका लागि आत्मसुरक्षा सम्बन्धी तालिम, कानुनी अधिकारबारे जानकारी, र उजुरी गर्ने आत्मविश्वास विकास गर्नु महत्त्वपूर्ण हुन्छ। साथै, डिजिटल माध्यममार्फत उजुरी प्रणालीको प्रयोगले पनि सहजता ल्याउन सक्छ। पुरुष पीडितहरूका लागि पनि सुरक्षित उजुरी प्रणाली र सामाजिक स्वीकार्यता विकास गर्नुपर्छ, ताकि कुनै पनि पीडित न्यायबाट वञ्चित नहोस्।

अन्तत:, नेपालमा यौन उत्पीडन केवल व्यक्तिगत समस्या होइन, यो राष्ट्रिय विकाससँग प्रत्यक्ष जोडिएको गम्भीर चुनौती हो। यदि यसलाई समयमै नियन्त्रण गर्न सकिएन भने यसले सामाजिक विश्वास, आर्थिक सहभागिता, र समग्र मानव विकासमा नकारात्मक प्रभाव पार्नेछ। तर यदि राज्य, समाज, र व्यक्तिहरू मिलेर दृढतापूर्वक कदम चाल्छन् भने सुरक्षित, समान, र सम्मानजनक समाज निर्माण सम्भव छ। अब प्रश्न यो होइन कि समस्या छ कि छैन, प्रश्न ?

## चित्रकला






Dipson Aryal, Class-8
Solidarity International Academy,
Hetauda-10

# शत्रु

**लघुकथा**



श्यामप्रसाद श्रेष्ठ

-'भयो, साजन ! तिमी पनि जाऊ, मलाई एक्लै छोडिदेऊ', अमिरले आँसु पुछ्दै भन्यो।

साजन झस्कियो। 'किन अमिर ? के भयो तिमीलाई ?'

'अब मलाई साथीभाइ, समाज कसैको आवश्यकता छैन। यो घर बेचिदिन्छु, जग्गाजमिन सबै सकिदिन्छु। यो ठाउँ नै छोडेर सहर जान्छु।'

'तर किन ?'

अमिरको स्वर झन् गह्रौं भयो। 'के भन्नु ? यो गाउँमा म बिरामी भएको सबैलाई थाहा छ। तर कोही भेट्न आएन। यस्तो समाजमा बसेर पनि के गर्नु ?'

साजन केही क्षण मौन रह्यो, अनि शान्त स्वरमा भन्यो, 'मित्र, तिमी कहाँ आउन नदिने त्यो को शत्रु हो, त्यसको मलाई नाम पनि थाहा छ अनि कहाँ बस्छ त्यो पनि थाहा छ।'

अमिर एकाएक आवेशमा आउँदै बोल्यो, 'मलाई त पहिलेदेखि शंका थियो। त्यो रामे, हरि, कृष्ण...के सबैको नाम लिऊँ ? उनीहरू कोहि मेरो कुरा ध्यान दिएर सुन्दैनन्, प्रशंसा पनि गर्दैनन्। तिनीहरूकै समूहले अरूलाई पनि रोकेको हुनुपर्छ !'

साजनले टाउको हल्लाउँदै भन्यो, 'होइन !'

-'अनि भुँडे, काले, डेढेहरूको टोली हो ?'

'तिनीहरू पनि होइनन्।'

अमिर अधैर्य भयो, 'को हो त तिनीहरु ?'

'के तिमी मेरो कुरा मान्न प्रतिबद्ध हुन्छौ ?'

'भन म प्रतिबद्ध हुन्छु !'

'तिमीले उसलाई छोड्नु पर्छ ! छोड्न सक्छौ ?'

'त्यसलाई म जीवनभर छोड्ने प्रतिज्ञा गर्दछु। अब त भन !'

साजनले अमिरको काँधमा हात राख्यो र बिस्तारै भन्यो, 'सुन ! त्यसको नाम अहंकार हो। ऊ तिम्रो मन भित्र बस्दछ।'

*हेटौंडा-६, चौघडा*

# दर्शनविहीन शिक्षाको परिणाम



नारायणकैलाश सिग्देल

*दर्शनं सत्यमार्गस्य प्रकाशकं मोक्षसाधनम् ।*
*शिक्षा जीवनमार्गस्य दीपिका संस्कारकारिणी च ।।*

(दर्शन सत्यको मार्गलाई प्रकाशित गर्ने साधन हो, जसले मोक्षतर्फ डोर्याउँछ। शिक्षा जीवनमार्गको दीपक हो, जसले संस्कार निर्माण गर्छ।)

मानव सभ्यताको विकासमा शिक्षा सबैभन्दा शक्तिशाली साधन मानिन्छ। युगौंदेखि मानवले अज्ञानको अँध्यारो फोरेर ज्ञानको उज्यालोतर्फ यात्रा तय गरिरहेको छ। यस यात्राको मूल आधार शिक्षा नै हो। वर्तमान परिवेशमा एउटा गम्भीर प्रश्न उठ्न थालेको छ, "के शिक्षा मात्रै पर्याप्त छ ? के जानकारी, सीप र प्रमाण-पत्रले मात्र मान्छेलाई पूर्ण बनाउँछ ?" यदि शिक्षा केवल जीविकोपार्जनको माध्यममा सीमित रह्यो भने त्यसले मानवलाई 'यन्त्रभन्दा फरक कसरी बनाउँछ?' यही प्रश्नको जगमा टेकेर 'दर्शनको आवश्यकता' शुरु हुन्छ। महान् दार्शनिक एरिस टोटलले भनेका थिए, 'Educating the mind without educating the heart is no education at all' अर्थात् "हृदयलाई शिक्षित नगरी केवल बुद्धिको विकास गर्नु वास्तविक शिक्षा होइन।" यस भनाइले शिक्षा र दर्शनबीचको गहिरो सम्बन्धलाई स्पष्ट पार्छ।

शिक्षा सामान्यत: ज्ञान, सीप र व्यवहार सिकाउने प्रक्रिया हो भन्ने बुझिन्छ। यसले व्यक्तिलाई समाजपयोगी बनाउँछ अर्थात् भनौं समाज, समय र सन्दर्भलाई सापेक्ष बनाउँछ। निर्विकल्प रूपमा मानवलाई आत्मनिर्भर बनाइ जीवनयापन सहज बनाउँछ। वास्तवमा, शिक्षाले बाह्य संसारसँग जुध्न सिकाउँदै 'मानवको आन्तरिक चेतना, नैतिकता र अस्तित्वबोधलाई कति गहिरोसँग सम्बोधन गर्छ ?' भन्ने सवाल महत्त्वपूर्ण रहेको महसुस गराउँछ। यदि शिक्षा 'के गर्ने ?' भन्ने प्रश्नमा मात्रै सीमित रह्यो भने 'किन गर्ने ?' भन्ने मूल प्रश्न सधैं अनुत्तरित र हन्छ। यही सीमाले शिक्षालाई अधुरो बनाउँछ। यो महान् प्रश्नको जवाफ लिएर गहन विचार अर्थात् 'दर्शन' को उठान हुन्छ।

दर्शन जटिल शब्दहरूको खेल कदापि होइन, न त पुस्तकका पानाभित्र कैद कुनै अमूर्त चिन्तनको स्वरूप हो। दर्शन त जीवनका आधारभूत प्रश्नहरूको खोज हो। 'म को हुँ ?' 'म किन यहाँ छु ?' 'जीवनको उद्देश्य के हो ?' 'सत्य के हो ?' 'सही र गलतबीचको सीमारेखा कहाँ छ ?' यी गहन प्रश्नहरू मानव अस्तित्वका अर्थपूर्ण आधार हुन्। यी नै सारगर्भित प्रश्नहरूको उत्तर खोज्ने क्रममा मानिसले आफ्नो चेतनालाई बिस्तार गर्छ।

### शिक्षा र दर्शन बीचको अन्तरसम्बन्ध

यथार्थमा शिक्षा र दर्शनबीचको सम्बन्ध शरीर र आत्माजस्तै हो। शिक्षा शरीर हो जसलाई हामी देख्छौं... प्रयोगमा ल्याउँछौं र क्रियाशील बनाइरहन्छौं। यसको ठीक विपरित दर्शन आत्मा हो। यो अदृश्य तर मार्गदर्शक रूपमा हुन्छ। दर्शनविहीन शिक्षाले केवल दक्षता उत्पादन गर्छ, तर चेतनशील मानव निर्माण गर्न सक्दैन। यहाँनेर Malcolm Forbes को भनाइ निकै सान्दर्भिक ठान्दछु, "The purpose of education is to replace an empty mind with an open one." अर्थात् शिक्षाको लक्ष्य अज्ञानले भरिएको मनमा जानकारी थप्नु मात्र होइन, बरु त्यसलाई नयाँ विचार, प्रश्न र दृष्टिकोणका लागि खुला बनाउनु हो।

आजको शिक्षा प्रणालीलाई नियाल्दा हामी एउटा यान्त्रिक संरचना देख्छौं। विद्यार्थीहरू अङ्कका लागि दौडिरहेका छन्। अभिभावकहरू प्रमाण-पत्रका लागि चिन्तित छन् र हरेक शैक्षिक संस्थाहरू परिणामका आधारमा मूल्याङ्कन भइरहेका छन्। यद्यपि यस सम्पूर्ण प्रक्रियामा थुप्रै महत्वपूर्ण मानवीय पक्षहरू जस्तै, सोच्ने क्षमतामा कमी, गहन प्रश्न गर्ने साहसमा ह्रास, र सत्यको खोजी गर्ने पूर्वीय संस्कारमा तीव्र रूपमा लोप भइरहेको छ। खोजी गर्ने संस्कारको पिँध पुरिँदै गएको छ। शिक्षा त केवल क्रमश: औपचारिक प्रक्रिया बन्दै गएको छ। बेरोजगारी उत्पादन गर्ने थलो भएको छ।

### दर्शन र दिशाको खोज

दर्शनले मानवलाई 'के ?' भन्दा अघि 'किन ?' र 'कसरी ?' भन्ने प्रश्न सोध्न सिकाउँछ। यसले ज्ञानको सही लक्ष्य, शक्तिको प्रयोग र जीवनको अर्थबारे मार्गदर्शन दिन्छ। भनिन्छ, शिक्षा 'साधन' हो भने दर्शन 'दिशा' हो। साधन बिना यात्रा सम्भव हुँदैन, तर दिशा बिना यात्रा अर्थहीन हुन्छ। यसलाई यसरी पनि बुझ्न सकिन्छ 'दर्शन बिना शिक्षा अन्धो' हुन्छ र 'दिशा बिना दर्शन लङ्गडो' हुन्छ। दुवै मिलेर मात्र जीवनलाई सन्तुलित, अर्थपूर्ण र उद्देश्यपूर्ण बनाउँछ। होइन र ?

आजको समाजमा उच्च शिक्षित व्यक्तिहरू नै अनैतिक क्रियाकलापमा संलग्न छन्, भ्रष्टाचार मौलाएको छ, र व्यक्तिगत स्वार्थ सामूहिक हितभन्दा माथि राखिएको छ। यसले देखाउँछ- 'शिक्षाले बुद्धि विकास गर्यो, तर विवेक विकास गर्न सकेन। ज्ञान बढ्यो, तर चेतना विस्तार भएन। 'सा विद्या या विमुक्तये।' यस श्लोकले स्पष्ट रूपमा भन्छ, 'शिक्षाको उद्देश्य केवल बन्धन (अज्ञान, स्वार्थ, अहंकार) बढाउनु होइन, बरु मुक्त गर्नु हो। यदि शिक्षा प्राप्त गरेपछि पनि मानिस लोभ, अहंकार र अन्यायमै बाँधिरहन्छ भने त्यो शिक्षा होइन, केवल जानकारीको बोझ मात्र हो।

दर्शनविहीन शिक्षाको परिणाम आजको समाजमा स्पष्ट देखिन्छ। उच्च शिक्षित व्यक्तिहरू नै अनैतिक क्रियाकलापमा संलग्न छन्, भ्रष्टाचार मौलाएको छ, र व्यक्तिगत स्वार्थ सामूहिक हितभन्दा माथि राखिएको छ। यसले देखाउँछ– शिक्षाले केवल बुद्धि विकास गर्यो, तर विवेक विकास गर्न सकेन। ज्ञान बढ्यो, तर चेतना विस्तार भएन।

शिक्षा र दर्शनको समन्वय मानव विकासको आधारभूत आवश्यकता हो। शिक्षा, ज्ञान, सीप र व्यवहार सिकाउने प्रक्रिया हो भने दर्शनले त्यही ज्ञानलाई दिशा, अर्थ र मूल्य प्रदान गर्छ। जब यी दुई एकअर्कासँग समाहित हुन्छन्, तब व्यक्तिमा बौद्धिकता मात्र होइन, विवेक र नैतिकताको पनि विकास हुन्छ। यस्तो समन्वयले मानिसलाई केवल सफल मात्र होइन, सचेत र जिम्मेवार नागरिक पनि बनाउँछ। त्यसैले शिक्षा र दर्शनको एकता नै समृद्ध समाज र सुसंस्कृत मानव निर्माणको मूल आधार हो। यसै सम्बन्धमा Albert Einstein को भनाइ अत्यन्त सान्दर्भिक छ "Education is not the learning of facts, but the training of the mind to think."

### निष्कर्ष

शिक्षा र दर्शनको सम्बन्ध अपरिहार्य र अविभाज्य छ। शिक्षा बिना दर्शन व्यवहारहीन हुन्छ, र दर्शन बिना शिक्षा दिशाहीन। शिक्षा हात हो भने दर्शन आँखा हो। हातले काम गर्न सक्छ, तर आँखाले दिशा देखाउँछ। यदि हामीले केवल हातलाई मात्र बलियो बनायौं र आँखालाई बेवास्ता गर्यौं भने त्यो शक्ति नै विनाशको कारण बन्न सक्छ।

त्यसैले आजको सबैभन्दा ठूलो चुनौती भनेको शिक्षा र दर्शनबीचको सन्तुलन पुन: स्थापना गर्नु हो। यही सन्तुलनले मात्र मानवलाई पूर्णता, समाजलाई नैतिकता, र सभ्यतालाई दिगोपन

# बालिका दुलही होईनन्



**✍सुशील आचार्य**

आहा म त हुर्किएर वर्ष लागेँ तेह्र
यो समयलाई अब फाल्ने छैन खेर
पढ्ने लेख्ने उमेर हो यो साँच्ची भने मैले
यहि कुरा सोची रहन्छु हेर्नुस् म त जहिले

उन्नति र प्रगतिको आधारको वर्ष
मनमनै सोच्दा खेरि अति लाग्छ हर्ष
स्कूल पढ्ने कलेज पढ्ने अनि जागिर खाई
छोरी हुँ म आफ्नो जिवन उज्वल बनाई

बिहे गर्छु हेर्नुस् म त सुख पाउनलाई
जिवन उपयोगी सीपमा सिकाए मलाई
त्यसैले लौ किशोरी म धेरै कुरा सिक्छु
पढी-लेखी तालिम लिई आईडिया नि झिक्छु

राम्रो काम गर्छु अनी पैसा कमाएर
बीस वर्ष काटी बिहे नाम कमाएर
यस्तै-यस्तै कुरा सोच्छु मनमा अरू छैनन्
'यति बुझ्नुस् बालिका लौ दुलही नै होईनन्'

*तारकेश्वर-५, गोलढुंगा, काठमाडौं*

# शिक्षक



**✍अन्राज लामा**

अँध्यारो जीवनमा दीप बनेर झल्किने
अज्ञानको बादल हटाई उज्यालो छर्किने ।

हाम्रो भोलिको सपना बुन्ने हात उहाँ,
सही बाटो देखाउने सच्चा सारथी हुनुहुन्छ उहाँ ।

कठिन घडीमा धैर्य सिकाउने आवाज,
भ्रमित मनलाई सही बाटो देखाउने साहस ॥

कलमले होइन, कर्मले पाठ पढाउने,
जीवन जिउने कला हामीलाई सधैं सिकाउने ।

पुस्तक भन्दा ठुलो उहाँको ज्ञान,
मन भन्दा फराकिलो उहाँको पहिचान ।

हामी हार्दा पनि आशा जगाउने,
उठ, अघि बढ भनी हौसला भराउने ।

त्यसैले नतमस्तक छौं गुरु चरणमा आज,
जीवन उज्यालो पार्न तपाइँ हाम्रो आवाज ।

शब्दमा अट्दैन शिक्षकको योगदान
तपाइँ नै हाम्रो भविष्य, तपाइँ नै हाम्रो सम्मान ।

*कक्षा-१०, निर्मल मावि, हेटौंडा-१९*

# गीत



**✍एवाइ प्रभात**

तिमी गुलाफ फूल झैँ फुल्नु बगान भर्दै
सुनाखरी, चमेली फुल्नु सुबास छर्दै ।

हर साँझ र बिहानी यी आँखाभित्र बस्नु
खोलेर दिलको ढोका तिमीले भित्र पस्नु
घर जम गरौँला प्रिय आउ बसाई सर्दै
तिमी गुलाफ फूल झैँ फुल्नु बगान भर्दै ।

रहँदैन रूप र रङ रहन्न यो जवानी
सकिन्छ कान्ति सारा हुन्छ सबै कहानी
गर्नु छ जे जे गर्नु यो जिन्दगी नमर्दै
तिमी गुलाफ फूल झैँ फुल्नु बगान भर्दै ।

हेर्ने हरुका यहाँ दृष्टि अनेक हुन्छन्
मेरै हो भन्ने हरूकै सृष्टि अनेक हुन्छन्
शित बनेर तप तप पातहरूमा झर्दै
तिमी गुलाफ फूल झैँ फुल्नु बगान भर्दै ।

# हाँस्दै-पढाउँदै देवेन्द्र सर



**✍सुमन राय**

कक्षा भित्र पस्नुहुन्छ, मुस्कान लिएर मुखमा,
देवेन्द्र ढकाल सर, रमाइलो छ हरेक सुखमा ।
बेला-बेला हाँस्नुहुन्छ, जोक सुनाएर मीठो,
विद्यार्थी सबै खुसी, कक्षा हुन्छ चिटिक्को ।

पढ्ने बेला कडा हुन्छ, पाठ सम्झाउँदा ध्यान,
तर बीचमै हाँसो छर्छ, बनाउँछन् सजिलो ज्ञान ।
बायोलोजीका कुरा पनि, रमाइलो शैलीमा,
गाह्रो लाग्ने विषयहरू, बुझिन्छन् एकै पलमा ।

'यो के हो ?' भन्दै सोध्नुहुन्छ, आँखामा हाँसो लिएर,
गल्ती गर्दा रिसाउनु हुन्न, सिकाउनुहुन्छ माया दिएर ।
हाँस्दै-खेल्दै बित्छ समय, कक्षा जस्तो खेलमैदान,
देवेन्द्र सर जस्ता शिक्षक पाउँदा धन्य हाम्रो ज्ञान ।

पढाउने बेला पढाउनुहुन्छ, हँसाउने बेला हँसाउनु हुन्छ,
यस्तै रमाइलो शिक्षकले जीवनको बाटो देखाउनु हुन्छ ।

*कक्षा-११ (विज्ञान संकाय), मकवानपुर बहुमुखी क्याम्पस, हेटौंडा-२*

# मुक्तक



**✍मीना खड्का**

१
मनको बिस्कुन सुकाउने घाम लाग्दो रहेनछ
अभिनयले यथार्थ र वास्तविकता भाग्दो रहेनछ !
मानस पटलमा सञ्चय गरी राखिरहँदा पनि
अबोध छ यो मन विरोधको भाव जाग्दो रहेनछ !!
२
आकाशमा होइन पाइला सधैं धर्तीमा टेक्नु है
उठाई आफ्नो शिर सधैँ सगरमाथालाई देख्नु है !
जीवनयात्राको मार्गमा धेरै मानिस भेटिन्छन्
जन्म दिने आमा-बुबाको आँखा बनेर हेर्नु है !!
३
सहरको रमझममा सजिलै भिज्न सक्दिनँ म
भेदभाव र उचनिचको भाव कदापि गर्दिनँ म !
मलाई गाउँले जीवनसँग आत्मीयता छ सदा
सहरमा पाइला टेक्दैमा सहरीया भन्दिनँ म !!

*हेटौंडा-१९, बस्तीपुर*

# बाबा



**✍दीपा न्यौपाने**

सपना छन् तिम्रा पनि,
ती सबै मारेर ।
परिवारको ईच्छा सबै पूरा गरेर ।

खै कसरी सक्छौ,
चिन्ता-दुःख सबै लुकाउछौ ।
घर आउँदा एक गिलास पानीले नै खुसी हुन्छौ ।

लाग्दैन डर केसैमा,
मेरो शिरमा जब तिम्रो आशीर्वाद हुन्छ ।
अघि बढ्ने यति हिम्मत हुन्छ,
मेरो हातमा जब तिम्रो हात हुन्छ ।

तिम्रो दुःख बोकेर हिँड्ने छु ।
त्यो दिन म अति खुसी हुने छु ।
जब मिहिनेतले तिम्रो सपना पूरा गरेर म आउनेछु ।
अनि तिम्रो मुखबाट मैले स्याबास पाउनेछु ।

अहिले त म केही सक्दिन,
तर महसुस गर्नेछौ तब,
जब मेरो केही कमाइले,
तिम्रो दुई छाक हुन्छ ।
मेरो ख्याल अनि सेवाले तिम्रो हरेक रोग नास हुन्छ ।

*कक्षा-११ (विज्ञान संकाय), मकवानपुर बहुमुखी क्याम्पस, हेटौंडा-२*

# चेला र चेली



**✍जनार्दन खनाल**

बयासी साल महिना चैत्र श्री उन्नाईसमा
बकैंया गापा वडा नं. पाँच यो कार्यालयमा
कारणबस गएको थिए निम्मानुसारका
श्री चेलाचेली भएको भेट आत्मीय मनका ॥

श्री लक्ष्मी जिम्मा श्री वडाध्यक्ष वडा नं. पाँचको
महिला अहो ! अध्यक्ष राम्रो हामीले पाएको
झरनालाई अत्यन्त माया गर्नेमा पर्दछिन्
उनीले राम्रा सुझाबहरु सदैव दिदैँछिन ॥

सुमन थापा सचिव हाम्रा भलादमी पनका
फूर्तिला अनि हँसिला पनि मिलनसारका
श्री जन्मथलो रहेछ गोर्खा सरकारी जाँगिर
खाएसी कता हो पुग्नु पर्छ नमान्नु है पीर ॥

श्री देवराज श्री लामिछाने सचिव सरिका
सबैमा राम्रो आदर गर्ने स्वभाव भएका
साहित्यप्रति लगाब हुँदा झर्नामा आबद्ध
पियारो छात्र मध्येमा पर्ने कुशल व्यक्तित्व ॥

वडाका अन्य श्री कर्मचारी सरिता बहिनी
काममा पोख्त रहिछिन् तिनी प्रवृधि मयकी
श्री कार्यालय यी सहयोग श्री बच्चुराम छन्
श्री छतिवन उनको घर यी मेरा चेला छन् ॥

श्री बद्री पाण्डे शिक्षक उनी श्री गीता वरका
देखेका कुरा स्पष्ट भन्ने व्यहोरा भएका
अमृता थिङ सदस्य राम्रा यी पनि पाँचका
युवक अहो ! उदेश्य ठूलै मनमा लिएका ॥

श्री लालसिङ शिक्षक मध्ये राम्रोमा गनिन्छन्
श्री कर्मप्राप्ति माविमा उनी शिक्षण गर्दछन्
मथिका सबै यी चेला चेली आदर गर्दछन्
झुकाई साथ अहिले पनि आशिष थाप्दछन् ॥

अहिले सम्म आर्जेको मैले यही हो सम्पत्ति
शिक्षित साथै जाँगिरे भए गरेका प्रगति
सबैले राम्रो सानन्दमय जीवन जिए है !
नबिर्सी दिनु यो गुरुलाई सम्झना राखे है ॥

बकैंया–४, छतिवन
९८४५२८७१०४

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र
सुनाऔं
रेडियो निकास ९३.४
हेटौंडा, मकवानपुर
The Voice of Community

# सातको राशिफल



**पं. ज्यो. तोयानाथ सुवेदी**
सम्पर्क : ९७४५०२८५५५

**मेष राशि** : कर्म स्थानमा सूर्य रहेकाले कर्मयोगी प्रवृत्तिको बनाउन मद्धत मिल्ला । प्रतिद्वन्द्वी बर्द्धक हानी पुऱ्याउँन मद्धत गर्नेछन् । गोपनीयतामा ध्यान दिनुपर्ला । व्यापारिक र व्यवसायिकका लागि राम्रै समय योग छ । प्रगतिका लागि संयम र सचेत रहनुपर्छ । भेटघाटमा समय बित्ला । घुमघाम र मनोरञ्जनमा समय बित्ला । जिद्धी र घमण्डमा ध्यान दिनुपर्ला ।

**वृष राशि** : सामाजिक एवम् धार्मिक कृत्यमा सरिक भइने छ । कार्यक्षेत्र प्रभावित हुने समय छ । हाँके/ताकेका काममा सफलता प्राप्त होला । भेटघाटले आनन्द प्राप्त होला । सहकार्यको भावनामा वृद्धि गर्नुपर्ला । परोपकारी काममा समय बित्ला । पढाइ–लेखाइ अनि आर्थिक दृष्टिकोणले लाभप्रद नै समय मान्नुपर्दछ ।

**मिथुन राशि** : सुख–सुविधाका लागि रकम खर्च होला । आर्थिक दृष्टिकोणले ठिकै समय छ । प्रशंसा र स्याबासी प्राप्त होला । नयाँ बिचार र योजनाहरु प्रकट हुनेछन् । कामको सर्वत्र प्रशंसा हुनेछ । उपहार र सम्मान प्राप्त होला । बोली र व्यवहारमा नम्रताको प्रयोग गर्दा राम्रो । विद्वानको सामीप्यता प्राप्त होला । पढाइ–लेखाइ ठिकै रहनेछ ।

**कर्कट राशि** : भेटघाटमा सरिक भइने छ । नयाँ कामका लागि समय दिनुपर्ला । गुमेको धन प्राप्त होला । योजनालाई रचनात्मक रुप प्रदान गर्ने प्रयास गर्नुपर्ला । प्रतिष्ठा र पुरस्कार प्राप्तिको योग छ । बौद्धिक र प्राज्ञिक क्षेत्रमा समेत राम्रो छ । नौलो र रमणीय यात्रा होला । धार्मिक एवम् सामाजिक काममा मनजाला । प्रतिभा तिखार्ने अवसर मिल्ला ।

**सिंह राशि** : प्रेमजीवनमा अपेक्षित माया बढ्ला । कल्पना र भावनामा डुबिने समय योग छ । आर्थिक पक्ष बाधक बन्ला । नोकरीमा चुनौती र जोखिम झेल्नु पर्ला । अनावश्यक शङ्का र भ्रम बढ्ला । विश्वासको सङ्कट बढ्ला । धार्मिक कृत्यमा सरिक भइने छ । प्रशासनिक र अध्ययन–अध्यापनका क्षेत्रमा मध्यमकारक समय छ ।

**कन्या राशि** : शरीरमा स्वस्थता र मनमा उत्साह बढ्ला । प्रतिष्ठित काम गरेर मनमा उत्साह बढ्नेछ । कर्मक्षेत्रमा व्यस्त भइनेछ । सेयर कारोबारबाट लाभ हुनेछ । उन्नति र प्रगति अनि व्यापार–व्यवसाय ठिकै देखिन्छ । पदोन्नति हुने समय योग छ । धार्मिक एवम् परोपकारजन्य कामबाट लाभ होला । अनुभवीसँग छलफल गरिएला ।

**तुला राशि** : काममा द्विविधा बढ्ला । फाइदामूलक कामको योजना बनाउने समय छ । पेशा वा व्यवसायलार्य छाड्नुपर्ने अवस्था आउला । उद्यम र परिश्रम प्राप्त हुने समय योग छ । चुनौती र व्यवसायका बीचमा काम निकाल्ने समय छ । दायित्व र जिम्मेवारी थपिएका कार्यक्षेत्रमा र सेवाचाकरीमा मन जाला । अध्ययन–अध्यापनका काममा मन जाला ।

**वृश्चिक राशि** : अल्छीपन बढ्ने छ । नसोचेको ठाउँबाट लाभ प्राप्त होला । प्रयास गरेका कामबाट लाभ होला । मान्यजनको सहयोग प्राप्त होला । व्यापार–व्यवसाय ठिकै रहनेछ । सामाजिक एवम् धार्मिक काममा समय व्यतित हुने समय योग छ । दबाब र करकाबमा गरेको कामले धोका हुन सक्छ । स्वास्थ्य स्थितिमा सुधार हुने योग छ ।

**धनु राशि** : समय बाध्यतामा खुम्चनु पर्ला । शरीरमा आलस्यता बढ्ने छ । बोलीमा नियन्त्रण गर्दा राम्रो । चोरी, जोखिम र सङ्कटप्रति चनाखो बन्दा राम्रो । काममा निरन्तरता दिँदा राम्रो । व्यापार–व्यवसाय ठिकै रहने समय छ । अध्ययन–अध्यापनका कामबाट लाभ प्राप्त होला । धार्मिक एवम् सामाजिक काममा मन जाने समय छ ।

**मकर राशि** : नयाँ विषयवस्तुले आकर्षित बनाउला । साँझेदारी कामबाट लाभ होला । गरेको प्रयासबाट सफलता मिल्ला । विनोदी स्वभाव बन्ला । उत्सुक र आशावादी बनिने समय छ । पद–प्रतिष्ठामा अभिवृद्धि होला । पारिवारीक सुख प्राप्त हुने योग छ । घुमघाममा निस्कने सयम छ । नयाँ प्रस्ताब आउने समय योग देखिन्छ ।

**कुम्भ राशि** : पुरुषार्थी कामले स्थापित बनिएला । रोकिएका काममा पुन : प्रयास गर्दा राम्रो । प्रतिस्पर्धीहरु पराजित हुनेछन् । आफ्नो पक्ष बलियो देखिन्छ । दैनिक व्यवहारमा खर्च बढ्ला । व्यापार–व्यवसाय मध्यम रहने समय योग छ । धार्मिक एवम् सामाजिक अनि परोपकारजन्य काममा मन जाने समय योग छ ।

**मीन राशि** : बोलीमा बिचार पुऱ्याउँदा राम्रो रहने छ । सम्मान र बिचारको कदर होला । बौद्धिक र दार्शनिक कामबाट लाभ होला । चुनौतिहरु चिर्न सकिने छ । बुद्धि र कौशलले काममा पूर्णता प्राप्त होला । अध्ययन–अध्यापन ठिकै छ । बाल्यकालका साथीभाइसँग भेटघाट होला । लबमेटसँग समय व्यतित होला ।

## सूचना, सूचना, सूचना

जन्म, मृत्यु, बसाइँसराई एवम् सम्बन्ध बिच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । जन्मदर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्म, मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले दिन सक्नेछन् । बसाइँसराई गर्दा व्यक्ति आफू मात्र बसाइँ सरी गए व्यक्तिले, परिवार नै गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नुपर्ने छ । बिवाहको सूचना पति, पत्नी वा दुवैले दिनुपर्दछ । सम्बन्ध बिच्छेदको सूचना अदालतको निर्णय सहित पति वा पत्नीले दिन सक्छन् ।

**नरनाथ सुवेदी**
**वडा अध्यक्ष एवम्**
**१९ नम्बर वडा कार्यालय**

## वितरक चाहियो

समृद्ध समाज राष्ट्रिय दैनिकका लागि हेटौंडा बजार क्षेत्रमा पत्रिका वितरणका लागि वितरक आवश्यक भएकोले तपसील बमोजिमको काम गर्न इच्छुक व्यक्तिले सम्पर्क गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

पद : पत्रिका वितरक ।
संख्या : ३ (तीन) जना ।
काम गर्नुपर्ने समय : बिहान ६ बजेदेखि ८ बजेसम्म ।
पारिश्रमिक : संस्थाको नियमानुसार ।
प्राथमिकता : अनुभवी, साइकल भएका व्यक्तिलाई प्राथमिकता दिइनेछ ।

**सम्पर्क : ०५७-५२६८३०**
**समृद्ध समाज राष्ट्रिय दैनिक**
**हेटौंडा-४, मकवानपुर**

## शिक्षक आवश्यकता

*(प्रथम पटक सूचना प्रकाशित मिति : २०८३/०१/१२)*

यस विद्यालयमा रिक्त रहेको संघीय अनुदान शसर्त (अस्थायी करार) अनुदान कोटाको मा.वि.(विज्ञान) तहमा १ जना शिक्षक नियुक्त गर्नका लागि कैलाश गाउँपालिका कार्यालयको मिति २०८२/११/२९ को च.नं. १६८७ बाट प्राप्त अनुमति पत्र र वि.व्य.स. को मिति २०८२/११/२८ को निर्णयअनुसार आवश्यक योग्यता पुगेका उम्मेद्वारहरुबाट १५(पन्ध्र) दिनभित्र दरखास्त आव्हान् गरिन्छ ।

**तपशिल :**
**१. विज्ञापन नं. : ०५/०८२/०८३**
२. तह : मावि (विज्ञान)
३. शैक्षिक योग्यता : बीएड (विज्ञान) वा सो सरह उत्तीर्ण ।
४. तलब सुविधा : नेपाल सरकारले तोके बमोजिम ।
५. दरखास्त दस्तुर : रु. २०००/- (दुई हजार रुपैयाँ मात्र ।)
६. उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
७. परीक्षाको किसिम : लिखित, मौखिक र प्रयोगात्मक ।
८. दरखास्त दिने अन्तिम मिति : २०८३ बैशाख २७ गते ४:०० बजेसम्म ।
९. सम्पर्क मिति : २०८३ बैशाख २८ गते ४:०० बजेसम्म ।
१०. परीक्षा मिति : सम्पर्क मितिमा जानकारी गराइनेछ ।

**आवश्यक कागजातहरू :**
क) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी २ प्रति ।
ख) नागरिकताको प्रमाणपत्रको प्रतिलिपी २ प्रति ।
ग) स्थायी अध्यापन अनुमतिपत्रको प्रतिलिपी २ प्रति ।
घ) बायोडाटा एकप्रति । अनुभव भए सो समेतको प्रतिलिपी ।
ङ) हस्तलिखित निवेदन ।

**(नोट** : दरखास्त दिने अन्तिम दिन शनिबार परेको हुनाले भोलिपल्ट पनि आवेदन दिन सकिनेछ ।)

**सम्पर्क : ९८५५०७१३३९/९८०४२१९७०५ (प्र.अ.), ९८६९०३०४९२ (अध्यक्ष)**
**श्री रत्न ज्योति माध्यमिक विद्यालय**
**कैलाश गाउँपालिका-१०, मरेङकोट, मकवानपुर**

## प्रशिक्षार्थी पत्रकारका लागि आवेदन आव्हान

हेटौंडाबाट प्रकाशन हुँदै आएको समृद्ध समाज राष्ट्रिय दैनिकका लागि प्रशिक्षार्थी पत्रकार आवश्यक भएकोले तपसील बमोजिम योग्यता पुगेका इच्छुक उम्मेदवारबाट आवेदन आव्हान गरिन्छ ।

पद : प्रशिक्षार्थी पत्रकार ।
संख्या : केही ।
शैक्षिक योग्यता : १२ कक्षा उत्तीर्ण । स्नातक तह अध्ययनरतलाई प्राथमिकता ।
प्रशिक्षार्थी अवधि : ३ महिना । पहिलो महिना निशूल्क प्रशिक्षण अवधि रहनेछ भने कार्यसम्पादनका आधारमा दोस्रो र तेस्रो महिना आंशिक सुविधा प्राप्त हुनेछ । चौथो महिनादेखि पूर्णकालिन रोजगारीको अवसर रहनेछ ।
समाचार अध्ययन, समाचार लेखन तथा प्रस्तुतीमा रुचि भएकाहरुलाई विशेष ग्राह्यता ।
आवेदन दिने अन्तिम मिति : २०८३/०१/१० गते ।

**आवेदन साथ संलग्न गर्नुपर्ने कागजात :**
- हस्तलिखित निवेदन ।
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
- शैक्षिक प्रमाणपत्रको प्रतिलिपि ।
- पासपोर्ट साइजको फोटो २ प्रति ।

**समृद्ध समाज राष्ट्रिय दैनिक**
**हेटौंडा-४, मकवानपुर सम्पर्क : ०५७-५२६८३०**



Contact : 9807171993/9741681458 TCN Road-10
नोट : हामी कहाँ सबै किसिमका बाइक तथा स्कुटर एक्सचेन्ज गरिन्छ ।

# बागमतीको सभामुख चयन हुन सकेन

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेशसभाको सभामुख चयनमा राजनीतिक सौदाबाजीका कारण कानूनी र संवैधानिक जटिलता देखिएको छ । प्रदेशसभाको सभामुख रिक्त रहेको अवस्थामा दलहरु नियुक्ति प्रक्रिया अघि बढाउन सकेका छैनन् ।

सभामुख चयनका लागि संवैधानिक व्यवस्था अनुसारको कार्यतालिका प्रदेशसभा सचिवालयले जारी गर्न सकेको छैन । जसले कानुनी र संवैधानिक जटिलता थपिदिएको छ । संविधान अनुसार सभामुख वा उपसभामुख रिक्त रहेको अवस्थामा सभा संचालनको १५ दिन भित्र नियुक्ति प्रक्रिया अघि बढाउनु पर्ने प्रावधान छ । तर, उक्त समयसिमा अनुसार सभामुख चयनका लागि बागमती प्रदेशसभाले काम गर्न सकेको छैन । गत चैत २४ गते बसेको प्रदेशसभामा तत्कालिन सभामुख भुवन कुमार पाठकको राजीनाबारे सभामा जानकारी गराइएको थियो । सोही अनुसार संवैधानिक व्यवस्था बमोजिम बैशाख ८ गते भित्र सभामुख चन प्रक्रिया थाल्नु पर्ने थियो । तर, दलहरु बीच सहमति हुन नसक्दा सभामुख चयनका लागि प्रदेशसभा बैठक आव्हान हुन सकेन ।

बागमती प्रदेशसभा सचिवालयका कानून उपसचिव प्रकाश चापागाईंले उपसभामुख सक्रिय रहेको अवस्थामा सभामुखको अनुपस्थितिलाई पूर्णत: असंवैधानिक भन्न नमिल्ने बताए । उपसचिव चापागाईंले राजनीतिक दलहरु बीचको खिचातानीले सभामुख चयन प्रक्रिया प्रभावित भएको बताए । उनले संसदीय शासन व्यवस्थामा कार्यपालिकाको छाया व्यवस्थापिकामा पर्ने गरेको बताए । संविधानको धारा १८२ को व्यवस्था अनुसार प्रदेशसभाको पहिलो बैठक बसेको १५ दिनभित्र सभामुख चयन गर्नुपर्ने व्यवस्था भए पनि हालको अवस्थालाई सत्ता पक्षले फरक ढंगले व्याख्या गरिरहेको उनले बताए ।

'संसदीय व्यवस्थामा शक्ति पृथकीकरणको कुरा गरे पनि कार्यपालिकाको छाया सभामा पर्छ । अहिले कुनै पनि एउटा दलको बहुमत नभएको र अन्य दलमा निर्भर हुनुपर्ने अवस्थाले गर्दा राजनीतिक सौदाबाजीले सभामुख चयन प्रक्रिया लम्बिएको हो ।' उनले भने, 'संविधानले १५ दिनभित्र चयन गर्ने व्यवस्था गरेको छ । तर, बाध्यकारी अवस्था भने गरेको देखिँदैन । त्यसैले अहिले उपसभामुखले सभामुखको हैसियतमा काम गरिरहनुभएकोले यसलाई अवस्थालाई संविधानको बर्खिलाप नै भन्न मिल्दैन ।' लामो समयसम्म सभामुख पद रिक्त राख्नु राजनीतिक संस्कार र नैतिकताको दृष्टिले उचित नहुने उनको भनाइ छ । प्रदेशसभामा अनन्तकालसम्म सभामुख चयन नगर्नु भनेको सभा निष्कृय भएको सन्देश प्रवाह गर्नु देखिने उनले बताए । उनका अनुसार सभामुख चयनको विषय राजनीतिक संस्कार, नैतिकता र संविधानलाई क्रियाशील बनाउने विषयसँग जोडिएको छ ।

## 'हार्ड एण्ड फास्ट' समयसिमा छैन : एमाले

नेकपा एमाले बागमती प्रदेशले प्रदेश सभाको सभामुख चयनका लागि कानूनी रुपमा कुनै तत्काले अनिवार्य समयसीमा (डेडलाइन) नरहेको व्याख्या गरेको छ । सभामुखको पद रिक्त भएको अवस्थामा निश्चित दिनभित्रै निर्वाचन गरिसक्नुपर्ने बाध्यकारी व्यवस्था नरहेको एमालेको दावी छ ।

एमाले बागमती प्रदेश संसदीय दलका नेता जगन्नाथ थपलियाका अनुसार सभामुख चयनको विषयलाई राजनीतिक समझदारीका आधारमा टुंग्याउनु पर्ने बताए । सभामुख चयनको प्रक्रियाका बारेमा कानूनी व्यवस्था तथा समयसिमा संविधानमा बाध्यकारी नरहेको उनले बताए । 'सभामुख चयनको कानूनी व्यवस्था त्यस्तो 'हार्ड एण्ड फास्ट' छैन । निर्वाचन प्रक्रिया घोषणा गरेको १५ दिनभित्र निर्वाचन हुनुपर्ने व्यवस्था हो । तर अहिले निर्वाचन प्रक्रिया नै घोषणा भएको छैन । त्यसैले अहिले नै हतार गरिहाल्नुपर्ने र बितिहाल्ने अवस्था छैन । उपसभामुख पद बहाल रहेको र सदनको कामकारबाही चलिरहेकाले सभामुख चयनमा हतारो गर्नुभन्दा पनि दलहरुबीचको शक्ति सन्तुलन मिलाउनु मुख्य विषय हो ।' उनले भने ।

एमाले बागमती प्रदेश सभा सदस्य केशवप्रसाद पोखरेलले सभामुख चयनको समयसिमाका विषयमा संविधानमा स्पष्ट १५ दिनको बाध्यकारी व्यवस्था नदेखिएको बताए । सभामुख चयनका विषयमा कानूनी अड्चन नभएकाले सत्ता साझेदार दलहरुबीच मुख्यमन्त्री र सभामुख पदको बाँडफाँडमा सहमति भएपछि मात्रै निर्वाचन प्रक्रिया अगाडि बढाउने एमालेको रणनीति रहेको उनले बताए । 'सामान्यतया सभामुखले राजीनामा दिएपछि सूचना टाँसेको वा सदन बसेको १५ दिनभित्र निर्वाचन गर्ने अभ्यास छ । चैत २४ गते सदनको बैठक बसेकाले बैशाख ९ गतेसम्मको समयलाई आधार मानिएको भए पनि संविधानमा स्पष्ट रुपमा यति नै दिनभित्र गर्नुपर्ने भन्ने उल्लेख छैन । त्यसैले यसलाई अलि पर सार्न पनि सकिन्छ ।' उनले भने, 'हाउस बसेर जानकारी गराइसकेपछि १५ दिनभित्र भन्ने एउटा व्याख्या हो । तर यो समयसिमालाई दलीय सहमति र आवश्यकता अनुसार व्यवस्थापन गर्न सकिने विकल्पहरु हामीसँग छन् ।'

## वैशाखभित्रै सभामुख चयन गर्छौं : मुख्यमन्त्री बानियाँ

बागमती प्रदेशमा रिक्त रहेको सभामुख पदको नियुक्ति आगामी वैशाख महिनाभित्रै टुंग्याइने मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले बताए । केही प्राविधिक तयारी र पार्टीको आन्तरिक व्यस्तताका कारण ढिलाइ भए पनि वैशाख महिनाभित्र सभामुख चयन गरिने उनले बताए ।

आगामी बजेट अधिवेशन (बर्खे अधिवेशन) सुरु हुनुअघि नै सभामुखको टुंगो लगाइने उनले बताए । उनका अनुसार वैशाख महिनाभित्रै सभामुखको विषय टुंग्याएर बर्खे अधिवेशन र बजेटको तयारीमा लाग्ने सरकारको तयारी छ । मुख्यमन्त्री बानियाँले सभामुख नहुँदैमा प्रदेश सभाको गतिविधि रोकिने अवस्था नरहेको बताए । प्रदेश सभाको कामकारबाहीमा सभामुखको अनुपस्थितिले तात्विक असर नपारेको उनको भनाई छ । संवैधानिक व्यवस्था र १५ दिनभित्र सभामुख चयन गर्नुपर्ने प्रावधान व्यवस्था मुख्यतया प्रदेश सभा स्थापनाको सुरुवाती चरणका लागि भएको उनले बताए । 'सभामुख नहुँदा प्रदेश सभाको गतिरोध भएको छैन । गतिविधि चलिरहेकै छ । सभामुख चयनलाई ठूलो विषय बनाएर प्रोपागाण्डा गर्नु आवश्यक छैन । प्रदेश सभाको सुरुवाती चरणमा ज्येष्ठ सदस्यले अध्यक्षता ग्रहण गरेको १५ दिनभित्र टुंग्याउनुपर्ने कानूनी व्याख्या छ । तर अहिलेको अवस्थामा यसले खासै प्रभाव पार्दैन ।' उनले भने ।

सभामुख चयनमा राजनीतिक सहमतिको प्रयास भइरहेको उनले बताए । सत्ता पक्षभित्रका नेपाली कांग्रेस, नेकपा एमाले र प्रमुख प्रतिपक्षी दलको समेत दावी रहेकाले अधिकतम राजनीतिक सहमतिका आधारमा प्रदेश सभालाई सहज रुपमा चलाउन सक्ने व्यक्तित्व चयन गरिने उनको भनाई छ ।

## सभामुख नेकपाले पाउनुपर्छ : ढकाल

नेकपा बागमती प्रदेश संसदीय दलका प्रमुख सचेतक रत्नप्रसाद ढकालले बागमती प्रदेश सभाको रिक्त सभामुख पदमा आफ्नो दलको सशक्त दावी रहेको बताए । प्रमुख सचेतक ढकालले सत्ता साझेदार दलहरु नेपाली काँग्रेस र नेकपा एमाले बीच भागबण्डा नमिल्दा सभामुख चयन प्रक्रिया अन्योलमा परेको बताए ।

कांग्रेस र एमाले दुवैले सभामुख पदमा दावी गरिरहेको र आपसी खिचातानीका कारण निर्णय हुन नसकेको उनले बताए । नेकपा अहिल्यै सरकारमा जाने पक्षमा नरहेको उनले बताए । प्रदेश सभाको दोस्रो ठूलो दलको हैसियतले सभामुख पद नेकपाले पाउनुपर्ने उनले बताए । उनका अनुसार कांग्रेस र एमाले पनि सत्तामै रहेको अवस्थामा प्रदेश सभाको सन्तुलनका लागि पनि सभामुख नेकपाले पाउनु पर्छ । उक्त विषयमा कांग्रेस र एमाले दुवैसँग छलफल भइरहेको उनले बताए ।

'कांग्रेसले सभामुख आफैँले लिने निर्णय गरेको छ भने एमालेले पनि आफ्नो अस्तित्व रक्षाका लागि सभामुख छोड्न चाहेको छैन । यही शक्ति संघर्षले गर्दा सभामुख चयनको विषय अगाडि बढ्न सकेको छैन । अहिलेको सरकारले न त प्रदेश सभा व्यवस्थित रुपमा चलाउन सकेको छ । न बजेट कार्यान्वयन नै गर्न सकेको छ । यस्तो असफल सरकारमा सहभागी भएर हामी अपजस लिन चाहँदैनौँ । हामी सशक्त प्रतिपक्षाको भूमिकामा रहन चाहन्छौँ ।' उनले भने ।

संविधानको धारा १८२ अनुसार प्रदेश सभा सुचारु भएको १५ दिनभित्र सभामुख चुनिसक्नुपर्ने व्यवस्था रहेको उनले बताए । सत्ता पक्षले पहिलो बैठकको गलत व्याख्या गरिरहेको भन्दै उनले संविधानको मर्म अनुसार १५ दिनभित्रै निकास दिन सत्तारुढ दल असफल भएको बताए । सरकार संविधानको मर्म अनुसार चल्न नसक्दा संवैधानिक शून्यता सिर्जना हुने चणमा रहेको उनले बताए । सरकारको उक्त कदम विरुद्ध नेकपाले कानुनी बाटो अपनाउने उनले बताए ।

# सिन्धुली र चितवनमा ३ जनाको मृत्यु

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेशको धादिङ र चितवन जिल्लामा एकैदिन ३ जनाको मृत्यु भएको छ । छुट्टाछुट्टै घटानमा चितवनमा दुई जनाको र धादिङमा एक जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

सिन्धुलीको थाक्रे गाउँपालिका-६, नौकिलामा उपचारको क्रममा एक जना महिलाको मृत्यु भएको छ । स्थानीय ४२ वर्षीय जमुनामाया अर्यालको काठमाडौंको टिचिङ अस्पतालमा बुधबार राति साढे १० बजेको समयमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । अर्याल बुधबार आफ्नै घरमा एक्कासी बेहोस भएपछि अस्पताल लगिएको थियो । उनी प्रेसर र सुगरको बिरामी रहेको र नियमित औषधि सेवन गरिरहेको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट बुझिएको छ ।

चितवनको भरतपुर महानगर पालिका-१२ स्थित रामबेल सामुदायिक वनभित्र रहेको राइनो तालमा माछा मर्ने क्रममा एक जनाको मृत्यु भएको छ । स्थानीय ६३ वर्षीय बेलबहादुर परियारको तालमा डुबेर मृत्यु भएको हो । भरतपुर सरकारी अस्पतालका डाक्टरले बुधबार दिउँसो १२ बजेर १० मिनेटको समयमा परियारलाई मृत घोषणा गरेको हो ।

यस्तै, बुधबार चितवनकै राप्ती नगरपालिका-७, वीरेन्द्रनगरमा बसको ठक्करबाट एक जना मोटरसाइकल चालकको मृत्यु भएको छ । पूर्वपश्चिम राजमार्ग सडकखण्डमा खैरहनीदेखि भण्डारातर्फ जाँदै गरेको बा प्र ०३ ००१ ख ३८०६ बस र भित्री सडकखण्डबाट हाइवेमा आउँदै गरेको ना ४५ प ३१६३ नम्बरको मोटरसाइकल एक आपसमा ठोक्किँदा दुर्घटना भएको थियो ।

दुर्घटना परी राप्ती-७ कै ५५ वर्षीय देवबहादुर गुरुङ घाइते भएका थिए । नयाँ मेडिकल कलेज भरतपुरमा उपचारको क्रममा डाक्टरले गुरुङलाई मृत घोषणा गरेका हुन् । बस चालक हेटौँडा-१२ बस्ने ४२ वर्षीय सन्तोष लामा इलाका प्रहरी कार्यालय भण्डाराको नियन्त्रणमा रहेका छन् ।

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं

# शैक्षिक गुणस्तर अभिवृद्धिका लागि प्रधानाध्यापकहरुसँग अन्तरक्रिया



समाज संवाददाता

हेटौँडाः शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरले शैक्षिक गुणस्तर अभिवृद्धिका लागि प्रधानाध्यापकहरुसँग अन्तरक्रिया गरेको छ । शुक्रबार हेटौँडामा कार्यक्रम आयोजना गर्दै इकाईले प्रधानाध्यापकहरुसँग अन्तरक्रिया गरेको हो ।

कार्यक्रममा इकाई प्रमुख सुदीप गिरीले शिक्षकहरुको कार्यसम्पादन मूल्याङ्कनसम्बन्धी शिक्षा ऐन २०२८ को छैंटौं संशोधनपश्चात भएका व्यवस्थाबारे सहजीकरण गर्नुभएको थियो । उहाँले अधिकांश प्रधानाध्यापकहरुले प्रशासकीय जिम्मेवारीमा प्राविधिक त्रुटी गर्दा कार्यसम्पादन मूल्याङ्कन प्रक्रिया नै प्रभावित हुने गरेको बताउँदै अघिल्लो शैक्षिक सत्र २०८२ को कार्यसम्पादन मूल्याङ्कनमा हुनसक्ने प्रशासकीय त्रुटीहरुबारे जानकारी दिनुभएको थियो ।

यस्तै, कार्यक्रममा शिक्षा विकास तथा समन्वय इकाईकी सूचना अधिकारी उन्नती ढकालले नि:शुल्क शिक्षासम्बन्धी कार्यविधिको व्यवस्थाबारे सहजीकरण गर्नुभएको थियो । नयाँ शैक्षिक सत्रको सुरुवातमा प्रधानाध्यापकहरुलाई प्रशासनिक कार्यहरुमा सहजीकरण गरी त्रुटी हुने सम्भावना न्यून गरेको आयोजकले जनाएको छ ।

कार्यक्रममा विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्न अभिभावकीय शिक्षासमेत आवश्यक परेको प्रधानाध्यापकहरुले गुनासो गरेका छन् । उनीहरुले विद्यालयले बालबालिकालाई उत्कृष्ट सेवा दिन खोजे पनि अभिभावकको चासो कम हुँदा एकतर्फी प्रयासहरु खेर जाने गरेको भन्दै अभिभावकलाई बालबालिकालाई कसरी उत्कृष्ट अभिभावकीय भूमिकामा रहने भन्ने शिक्षा आवश्यक रहेको बताएका छन् । मकवानपुरगढी गाउँपालिका तथा हेटौँडा उपमहानगरपालिकाका विद्यालयहरुका करिब ४० जना प्रधानाध्यापकहरुको उपस्थिति थियो ।

# भैरव अर्याल स्मृति साहित्य सम्मान सिन्धुलीयलाई



समाज संवाददाता

हेटौँडाः प्रत्येक वर्ष प्रदान गरिँदै आएको भैरव अर्याल स्मृति साहित्य सम्मान यस वर्ष साहित्यकार प्रोल्लास सिन्धुलीयलाई प्रदान गरिएको छ । शुक्रबार हेटौँडा-४ स्थित पुष्पलाल स्मृति पुस्तकालयमा आयोजित कार्यक्रममा साहित्यकार सिन्धुलीयलाई २१ हजार १ सय ११ रुपैयाँ नगदसहित २०८२ सालको भैरव अर्याल स्मृति सम्मान प्रदान गरिएको हो ।

साहित्य सङ्गम मकवानपुर र सिस्नुपानी नेपाल मकवानपुरले संयुक्तरुपमा प्रदान गर्दै आएको सो सम्मान भैरव अर्यालकै जीवनीमा आधारित उपन्यास 'भग्न भैरव' लेखन तथा नेपाली साहित्यको वाङ्मयप्रति पुऱ्याएको योगदानको कदर गर्दै सिन्धुलीयलाई प्रदान गरेको आयोजकले जनाएको छ । पिता उमानाथ शास्त्री सिन्धुलीय र माता लालित्यलक्ष्मी शर्माको कोखबाट विसं २०३२ बैशाख ७ मा सिन्धुली जिल्लाको गैयाटारमा जन्मनुभएका सिन्धुलीयले निरन्तर रुपमा नेपाली साहित्य लेखन, सम्पादनलगायतका क्षेत्रमा योगदान पुऱ्याउँदै आउनुभएको छ ।

उहाँले बाहिर एक मुठ्ठी तुसारो छ, शब्दहरुको नेपथ्य, चुपचापको अन्त्यलगायतका कविता संग्रह प्रकाशित गर्नुभएको छ । उहाँको कविताबाहेक कथा, लघुकथा, उपन्यास, निबन्ध, यात्रा संस्मरणका दर्जनौं कृतिहरु प्रकाशित छन् । 'कथालिका', 'सेतो कागज'लगायतका साहित्यिक पत्रिकाका सम्पादक रहीसक्नुभएका सिन्धुलीय हाल 'नयाँ पत्रिका' दैनिकको उपसम्पादकको रुपमा कार्यरत हुनुहुन्छ ।

साहित्य सङ्गम मकवानपुर र सिस्नुपानी नेपाल मकवानपुरको संयुक्त आयोजनामा भएको कार्यक्रममा साहित्यकारहरु स्नेह सायमी तथा लक्ष्मी मालीले आफ्ना कृतिहरु पुष्पलाल स्मृति पुस्तकालयलाई उपलब्ध गराउनुभएको छ । साहित्यकार आरसी रिजालको प्रमुख आतिथ्य तथा सिस्नुपानी नेपाल मकवानपुरका अध्यक्ष संप्रस पौडेलको सभाध्यक्षतामा भएको कार्यक्रममा साहित्यकारहरु कुन्ता शर्मा, निमेष निखिल, स्नेह सायमी, लक्ष्मी माली, धिरेन अनुपम, कल्पना पौडेल जिज्ञासुलगायतको उपस्थिति रहेको थियो ।

## सङ्गम साहित्य उत्वस सुरू

# पहिलो दिन मुक्तक र गजल वाचन

समाज संवाददाता

हेटौंडा : सङ्गम साहित्य उत्वस २०८३ को पहिलो दिन ३ सय ६६ औं नियमित साहित्य सन्ध्या अन्तर्गत शुक्रबार साँझ मुक्तक उत्सव तथा गजल महफिल सम्पन्न भएको छ । साहित्य सङ्गम मकवानपुरको आयोजनामा भएको सङ्गम साहित्य उत्सव २०८३ को पहिलो दिन नियमित साहित्य सन्ध्याको साथमा गजलकार तथा मुक्तककारहरुले आफ्ना रचना वाचन गरेका हुन् ।

कार्यक्रममा मुक्तक उत्सव अन्तर्गत साहित्यकारहरु सानु खनाल, बिर्खे अन्जान, दीपक गौतम, देवराज तिवारी, राजबाबु पहाडी, मेनु तिमल्सिना, नवीन दर्लामी, अमृता लामिछाने, अन्जिता राउत, स्वस्तिका बानियाँ, प्रबिना प्रयासी र मन्दिरा देवकोटाले मुक्तक वाचन गर्नुभएको थियो । यस्तै गजल महफिल अन्तर्गत अजर फुयाँल, हरि पौडेल, सतिसाल, धिरेन अनुपम, पुरुषोत्तम आचार्य, विशाल अधिकारी, उषा तिवारी, लेखराम सापकोटा, स्वस्तिका दाहाल, समिता पौडेल लगायतले गजल वाचन गरेका थिए ।

कार्यक्रममा मकवानपुर लगायत विभिन्न जिल्लाबाट आएका साहित्यकारहरुको सहभागिता थियो । सङ्गम साहित्य उत्सव अन्तर्गत आज शनिबारसम्म साहित्य सम्बन्धी विभिन्न बहस, रचना वाचन तथा स्रष्टा सम्मानका कार्यक्रमहरु चल्ने साहित्य सङ्गम मकवानपुरका अध्यक्ष डिबि बर्तौलाले बताउनुभयो ।

## संघीय निजामति विधेयक मस्यौदा तयार

# कर्मचारीको उमेर हद ६० वर्ष प्रस्तावित

काठमाडौं : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले संघीय निजामती विधेयकको मस्यौदा तयार पारेर सुझावका लागि सार्वजनिक गरेको छ ।

संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले सरोकारवालाहरुको सुझाव एवं प्रतिक्रियाका लागि विधेयकको मस्यौदा सार्वजनिक भएको बताइन् । 'मस्यौदामा आउने सुझाव एवं प्रतिक्रिया समेटेर विधेयक परिमार्जन गरी मन्त्रिपरिषदमा पेश गरिनेछ' उनले भनिन्, 'त्यसपछि विधेयकलाई संघीय संसद सचिवालयमा पेश गर्ने योजना छ ।'

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निजामती कर्मचारीहरूको उमेरहद ६० वर्षको हुने गरी संघीय निजामती विधेयकको मस्यौदा तयार गरेको छ । मन्त्रालयको टोलीले तयार पारेको मस्यौदा सुझावका लागि सार्वजनिक गर्ने तयारी गरेको हो । संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले निजामती कर्मचारीहरु ६० वर्षमा अवकाश हुने गरी विधेयकको मस्यौदा तयार पारिएको बताइन् । उनका अनुसार, विधेयक संघीय संसदबाट पारित भएपछि पहिलो वर्ष ५९ वर्ष र अर्को वर्ष ६० वर्ष उमेरहद कायम हुनेगरी प्रस्तावित व्यवस्था कार्यान्वयनमा आउनेछ । 'हामीले मन्त्रालयका कर्मचारीहरु र विज्ञ टोलीसँग विधेयकका वारेमा लामो छलफल गरेका थियौं, तर यो विचमा चलेको हल्ला र अपवाहका विषयवस्तु विधेयकमा समावेश छैनन्,' उनले भनिन्, 'कर्मचारीहरुलाई डिजिटल सेवामुखी बनाउने अनि क्षमता र दक्षताका आधारमा प्रोत्साहन गर्ने नीतिलाई प्राथमिकता दिएर विधेयक तयार पारिएको हो ।'

## उमेरहद र सेवा अवधि

मन्त्रालयले तयार पारेको विधेयकको मस्यौदामा निजामती कर्मचारीहरूको उमेरहद ६० वर्षको हुनेछ, तर त्यो व्यवस्था दुई चरणमा कार्यान्वयन हुनेछ । मुख्यसचिव (चौधौं तह) तहको पदावधि दुई वर्षको हुने परिकल्पना छ, अहिले मुख्यसचिवको पदावधि तीन वर्षको थियो । मन्त्रालयले सचिव(तेह्रौं तह)को पदावधि दुई वर्षको हुने प्रस्ताव गरेको छ । तर सरकारले चाहेमा एक वर्ष थपेर अधिकतम तीन वर्षसम्म पदमा बहाल हुने व्यवस्था गर्न सक्नेछ ।

केही सातादेखि सामाजिक सञ्जालमा हल्ला चलेजस्तो सहसचिवहरुको अधिकतम सेवाहद र छुट्टै उमेर किटान भएको छैन । सहसचिवहरु सचिवमा बढुवा नहुदासम्म ६० वर्ष नहुदासम्म असीमित समय र सचिवमा बढुवा भएमा सचिवलाई तोकिएको अवधिदेखि अवकाश हुनेछन् । ती बाहेक तल्लो तहका कर्मचारीहरूको सेवा अवधि र उमेर हदको अवस्था यथावत छ ।

## प्रवेश अवधि र कुलिङ पिरियड

निजामती सेवामा प्रवेश गर्ने उमेरहद परिवर्तन हुनुपर्ने भनी मन्त्रालयको प्रस्ताव छ । जसअनुसार, पुरुषहरु ३२ वर्षभित्र निजामती सेवामा प्रवेश गरिसक्नुपर्नेछ । महिलाहरुलाई ३५ वर्ष र अपांगहरुको हकमा ३९ वर्षको अधिकतम उमेर कायम गरिएको छ । यसअघि पुरुषलाई ३५, महिलालाई ४० वर्षको उमेरसीमा थियो ।

विधेयकमा निजामती सेवाबाट अवकाश भएको दुई वर्षसम्म कुनै प्रकारको नियुक्ति लिन नपाइने व्यवस्था प्रस्ताव गरिएको छ । त्यसबाहेक निजामती कर्मचारीहरु अवकाशको दुई वर्षसम्म निर्वाचन लडेर समेत प्रतिस्पर्धा गर्न र निर्वाचित हुन पाउने छैनन् । यसअघि राज्यव्यवस्था समितिमा कुलिङ पिरियडका बारेमा चर्को बहस भएपनि विधायकहरू निष्कर्षमा पुग्न सकेका थिएनन् । त्यतिबेला नियुक्तिको विषय जोडिएपनि निर्वाचित हुन नपाइने बन्देजात्मक व्यवस्था थिएन ।

विधेयकमा सचिव सरहको कार्यकारी पदको परिकल्पना छ, जहाँ विभिन्न क्षेत्रका मानिसहरू निश्चित प्रकारको परीक्षण वा प्रतिस्पर्धाबाट सोझै नियुक्ति हुन पाउनेछन्, तर उनीहरूको पदावधि पनि निजामती सेवाको सचिव वा चौधौं तहको कर्मचारी सरहको दुई वर्ष र थप एक वर्षको हुने परिकल्पना छ ।

## स्वार्थको द्वन्द्व

विधेयकमा स्वार्थको द्वन्द्वसम्बन्धी विषयवस्तु पनि समेटिएको छ, जस अनुसार निजामती कर्मचारीहरुले आफ्नो स्वार्थ जोडिएका विषयवस्तुहरु घोषणा गरी अभिलेखिकृत गर्नुपर्नेछ । र, उनीहरूले स्वार्थ जोडिएका विषयमा कुनै निर्णय गर्न पाउने छैनन् । र, स्वार्थको द्वन्द्व जोडिएको विषयमा उनीहरूले निर्णय गरेमा विभागीय कारबाहीको प्रस्ताव छ । यसअघि २०७९ सालमा कानून मन्त्रालयले छुट्टै स्वार्थको द्वन्द्वसम्बन्धी दुई विधेयकको मस्यौदा तयार गरेको थियो, तर पछि त्यसको कार्यान्वयन हुन सकेन । निजामती सेवामा प्रवेश गर्नेहरूका लागि खोलिएको इष्टिच्यूट र तयारी कक्षाहरूमा बहालवाला निजामती कर्मचारीहरूलाई संलग्न गराउन नहुने भनी विधेयकमा प्रस्ताव गरिएको छ ।

## पाँच वर्षसम्म प्रमुख प्रशासकीय अधिकृत

स्थानीय तहमा रहने प्रमुख प्रशासकीय अधिकृत कुन सेवाको रहने र कसरी व्यवस्थापन गर्ने भन्नेबारे लामो समयदेखि बहस थियो । विधेयकमा संघीय तहबाट नै प्रदेशको मुख्यमन्त्री कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत खटाउने परिकल्पना छ । त्यसरी खटाइएका प्रमुख प्रशासकीय अधिकृतहरूलाई मुख्यमन्त्री कार्यालयले हरेक स्थानीय तहमा खटाउनेछ । ऐन जारी भएपछिको पाँच वर्षसमका लागि यस्तो व्यवस्था प्रस्ताव गरिएको हो । प्रदेश तहमा पनि दरबन्दी छुट्टयाएर निश्चित कर्मचारीहरू संघीय तहबाट हटाउने प्रस्ताव छ । दुईवटा स्थानीय तहको सहमती भएमा स्थानीय सेवाका कर्मचारीहरू सरुवा हुनेछन् । तर सरुवा भएर जाने कर्मचारीहरूको हकमा स्विकार गरेको स्थानीय सरकारले नै सबै जिम्मेवारी लिनुपर्ने प्रस्ताव छ । प्रदेश सेवाका कर्मचारीहरूका लागि पनि त्यस्तै अवस्थाको परिकल्पना छ ।

स्रोत : अनलाइनखबर ।

# राती अबेरसम्म दोहोरी, डान्स सञ्चालन गर्ने पक्राउ

समाज संवाददाता

हेटौंडा : राती अबेरसम्म डान्स बार तथा दोहोरी साँझ सञ्चालन गरेको आरोपमा मकवानपुर प्रहरीले ४ जनालाई नियन्त्रणमा लिएको छ । प्रहरीका अनुसार शुक्रबार बार राती करिब १ बजेको समयमा हेटौंडा बजार क्षेत्रमा सञ्चालनमा रहेका विभिन्न डान्स बार तथा दोहोरी साँझहरुमा अनुगमन गर्दा बन्द गर्न अटेर गरेपछि उनीहरूलाई नियन्त्रणमा लिइएको हो । पक्राउ पर्नेहरूमा हेटौंडा-१० स्थित ब्लुमुन डान्स बारमा कार्यरत वर्ष २० का महेन्द्र गोले, हेटौंडा-४ स्थित लेवल अप डान्स बारमा कार्यरत वर्ष २३ का संयोग सुनार, हेटौंडा-१० स्थित आरआरएस दोहोरी साँझमा कार्यरत वर्ष २५ का सुजन घलान र सिरेटो थकाली रोधी गजल घरमा कार्यरत वर्ष ३० का इन्द्रबहादुर ओली रहेका छन् ।

हेटौंडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ